# सौर्य दैनिक

www.souryaonline.com




यस भित्र


वर्ष १३ अंक १७ बिहिबार, २४ फागुन २०८० SOURYA NATIONAL DAILY Thusday, 7 March 2024 पृष्ठ : ८ मूल्य रू. ५


# गगनको टिप्पणी : च्याँखे थाप्नेलाई काँधमा बोकिरहन सकिँदैन

■ सौर्य समाचार



काठमाडौँ । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले अहिले बनेको सरकार धेरै समय टिक्न नसक्ने बताएका छन् । बुधबार सामाजिक सञ्जालमा भिडियो सन्देश जारी गर्दै उनले भनेका छन्, 'कुनै बेला हाम्रो नेता गिरिजाप्रसाद कोइराला यस्तो खालको सरकार बन्दै गर्दा फु गरेर ढालिदिन्छु भन्नुहुन्थ्यो । म त्यसो भन्दिनँ । किनकि यो फु पनि गर्नुपर्दैन ।'

नयाँ गठबन्धन ढलोस् भन्नेमा आफू नरहेको स्पष्टीकरण दिँदै थापाले आफूहरूले राम्रो गरोस् भनेर शुभेच्छा राखे पनि गठबन्धन निर्माणको प्रक्रिया हेर्दा अगाडि बढ्नै नसक्ने खालको देखिएको टिप्पणी गरे । 'यो सरकार आफैँ यसरी बनेको छ कि यो दौडिने त कुरै छोड्नुहोस्, यो हिँड्नै सक्दैन । यो आफ्नै भारीले थिचिन्छ र फतक्क कुहिएर झर्छ,' उनले भनेका छन् ।

महामन्त्री थापाले कांग्रेस नेतृत्वको गठबन्धन भत्किनुको कारण कांग्रेस नभएको दाबी गरेका छन् । कांग्रेसले काम गर्न नदिएको, महासमिति बैठकमा व्यक्त विचार र माओवादीले सञ्चालन गरेको सशस्त्र युद्धबारे भएको टिप्पणी आदि बहानाबाजी मात्रै भएको उनले बताए । एमालेको दस्तावेजमा समेत माओवादीले चाहे जस्तो भाषा र शब्दहरू नरहेको उल्लेख गर्दै महामन्त्री थापाले राष्ट्रिय स्वतन्त्र पार्टीको समेत माओवादीलाई हेर्ने दृष्टिकोण उसले चाहेजस्तो नरहेको बताए ।

महामन्त्री थापाले भनेका छन्, 'गठबन्धन अहिले फागुनमा टुट्यो, फागुनमा नभए चैतमा टुट्थ्यो, चैतमा नभए जेठमा टुट्थ्यो, जेठमा नभए असारमा टुट्थ्यो । त्यसैले कुनै न कुनै बहाना बनाएर आफूलाई केन्द्रमा राखेर माओवादीका नेताले यो दुर्घटनामा लानुहुन्थ्यो । त्यसकारण यसमा अल्मलिनु पर्दैन ।'

यो गठबन्धन राजनीतिक स्थायित्वका लागि नभई स्वार्थमा बनेको थापाको भनाइ छ । 'यथार्थमा गठबन्धन कुनै राजनीतिक स्थायित्वका लागि गरिएको अभ्यास नभएर बाँडीचुँडी खाने सत्ता स्वार्थमा टिकेको अवसरवादी गठबन्धन हो,' उनले भनेका छन्, 'भागबन्डा नमिल्नासाथै भोलि कुनै पनि बेला भत्किने, नयाँ गठबन्धनको प्रयास हुने र राजनीतिमा फोहोरी र विकृत अभ्यासको पुनरावृत्ति हुने प्रष्ट छ ।'

यस्तै, महामन्त्री थापाले २०७९ सालको चुनावमा गठबन्धन गरेकाले २०८४ सम्म आफूहरू गठबन्धन टिक्नुपर्छ भनेर इमान्दार रहेको तर माओवादीले नै छाडेपछि कांग्रेस मुक्त भएको बताए ।

'हाम्रा निम्ति पनि अब सबै खालका विकल्प जायज भएका छन् । त्यसैले संसद्मा कसैको पनि बहुमत नपुगेको, कुनै एउटा दलले मात्रै बहुमत पुऱ्याउन नसकेको यो परिस्थितिमा कांग्रेस पार्टीले के गर्नुपर्छ, के-के गर्न सक्छ, के-के गर्न हुन्छ भन्नेतर्फ हामी सचेत छौँ । जे गर्नुपर्ने हो त्यो कुरा गर्छौं,' उनले भनेका छन् ।

थापाले राजनीतिलाई अस्थिर बनाइराख्ने शक्तिलाई अब बोकेर हिँड्न नहुने पनि बताए । 'हाम्रो राजनीतिलाई निरन्तर अस्थिर बनाइराख्ने, जहिल्यै च्याँखे थापिराख्ने यो शक्तिलाई अब ठीक ठाउँमा पुऱ्याउनुपर्छ,' उनले भने, 'यसका निम्ति उपयुक्त समयमा उपयुक्त शक्तिसँग कसरी संवाद गर्ने, कसरी समझदारी बनाउने भन्ने तर्फ सचेत छौँ र हामी यसमा काम गर्छौं ।'

# अन्ततः प्रचण्डले जुटाए बहुमत

## मुख्यमन्त्रीको 'च्याँखे' थाप्दै जसपाले पठाएन मन्त्री



■ सौर्य समाचार

काठमाडौँ । प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले अन्ततः सरकारका बचाउनका लागि आवश्यक बहुमत जुटाएका छन् ।

संसदीय व्यवस्थामा प्रधानमन्त्रीसँग सधैँ संसद्को बहुमत सदस्यको समर्थन रहनुपर्ने हुन्छ । प्रधानमन्त्रीले बहुमतको जोहो नै नगरी नयाँ गठबन्धन बनाएकाले सरकारको भविष्य अनिश्चितजस्तै भएको थियो ।

नेकपा (एकीकृत समाजवादी) ले सरकारमा सहभागी भएसँगै नयाँ गठबन्धनले प्रतिनिधिसभामा बहुमतसिद्ध गर्न सक्ने भएको हो । एकीकृत समाजवादी २ मन्त्रालयसहित नयाँ सरकारमा सहभागी भएको हो । यति हुँदा पनि जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीले आफ्नो अडान स्पष्ट गरेका छैनन् ।

उपेन्द्र यादवले नयाँ गठबन्धन बनाउँदा ८ बुँदे सहमतिमा हस्ताक्षर गरे पनि पार्टीभित्र उनको आलोचना भएकाले तत्काल सरकारमा सहभागी नहुने भएका छन् । जसपा र जनमत पार्टी दुवैले मधेस प्रदेशको मुख्यमन्त्रीलाई समर्थनको बटमलाइन बनाएका छन् भने नाउपाले सुदूरपश्चिमको मुख्यमन्त्री ताकेको छ । सुदूरपश्चिमको मुख्यमन्त्री नपाए नयाँ गठबन्धनमा नजाने नाउपाको स्पष्ट अडान छ ।

जसपा सरकारमा सहभागी नभए पनि ८ बुँदेमा हस्ताक्षर गरेकाले सरकारलाई उसको समर्थन रहने बताइएको छ । हुन त नाउपा, जनमत, जसपा, लोसपाले समर्थन नगरे पनि प्रचण्ड सरकारलाई आवश्यक बहुमत भने पुग्ने देखिएको छ ।

एमालेको सांसद संख्या ७९ हो । यसमा सुवास नेम्वाङको मृत्यु भएको, टोपबहादुर रायमाझी निलम्बनमा रहेकाले ७७ सदस्य छन्, त्यसमा पनि सभामुखले मत बराबर भएको अवस्थामा बाहेक मतदान गर्न नपाउने भएकाले मतदान गर्न पाउनेको संख्या ७६ हुन्छ । यसर्थ एमालेका ७६, माओवादी ३२, राष्ट्रिय स्वतन्त्र पार्टी २१, एकीकृत समाजवादीका १० जोड्दा १३९ सांसद हुन्छन्, जुन २७५ सदस्यीय प्रतिनिधिसभाको सामान्य बहुमत हो ।

**यस्तो छ मन्त्रालयको भागबन्डा**

सत्ता साझेदार दलमा भएको सहमतिअनुसार एमालेबाट रघुवीर महासेठ उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री बनेका छन् । यस्तै, पदम गिरी कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, दामोदर भण्डारी उद्योग, ज्वालाकुमारी साह कृषि, बलराम अधिकारी भूमि व्यवस्था तथा सहकारी, हरि उप्रेती रक्षा, भगवती चौधरी महिला बालबालिका तथा ज्येष्ठ र राजेन्द्र राई खानेपानीमन्त्री भएका छन् ।

बाँकी पृष्ठ २

### मन्त्रीहरूले लिए शपथ

काठमाडौँ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् विस्तार गरेका छन् । सोमबार यसअघिका सबै मन्त्री हटाएर ३ जना नयाँ मन्त्री नियुक्त गरेका प्रचण्डले बुधबार थप १६ जना मन्त्री नियुक्त गरे । यससँगै प्रचण्ड नेतृत्वको मन्त्रिमण्डल २० सदस्यीय बनेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले शीतल निवासमा आयोजित समारोहमा नवनियुक्त १४ मन्त्रीहरूलाई शपथ गराए । प्रधानमन्त्री प्रचण्डले पुनर्गठन गरेको मन्त्रिपरिषद्मा नेकपा एमालेबाट नेतृत्व गर्दै रघुवीर महासेठले प्रधानमन्त्रीलगत्तैको वरीयताको उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्रीको शपथ लिए ।

यस्तै दोस्रो वरीयताको उपप्रधानमन्त्रीमा माओवादीका नारायणकाजी श्रेष्ठ परराष्ट तथा तेस्रो वरीयतामा रास्वपाका रवि लामिछाने गृहमन्त्रीका रूपमा शपथ लिए । सुरुमा गठबन्धन गर्दा र सहमतिपत्रमा हस्ताक्षर गर्दा सँगै रहेको जनता समाजवादी पार्टीले भने मन्त्री पठाएको छैन ।

■ **एमाले कार्यकर्तामा छैन उत्साह**

# भन्छन्- 'बरु कांग्रेससँग गठबन्धन गर्नुपर्थ्यो'





■ सौर्य समाचार

काठमाडौँ । एमाले मुख्यालय च्यासलमा समूह-समूह बनाएर बसेका सो पार्टीका कार्यकतामा नयाँ गठबन्धनप्रति निराशा रहेको पाइएको छ । पार्टी कार्यालयमा जस्तै निराशा सामाजिक सञ्जालमा पनि छरपष्ट छ ।

च्यासल हाताभित्रको खाजा घरबाहिर ४ जनाको समूह बनाएर बसेका एक कार्यकता भन्दै थिए- 'अध्यक्ष कमरेडले के गर्नुभएको होला ?' अर्कोले जबाफ दिए- 'अध्यक्ष कमरेडले अर्कैथोक सोच्नुभएको हुन सक्छ, पछिका लागि ।'

सामाजिक सञ्जालमा पनि एमाले कार्यकर्ता उत्साहितभन्दा निराश बढी देखिएको स्पष्ट छ । 'माओवादीसँगको गठबन्धनभन्दा कांग्रेससँगको सहकार्य भएको भए अलि भरपर्दो हुन्थ्यो, सरकार पूरा कार्यकाल चल्न सक्थ्यो' भन्ने आमकार्यकर्ताको धारणा छ । प्रचण्डसँगको गठबन्धनमै निरुत्साहित देखिएका कार्यकर्तालाई मन्त्रालय भागबन्डाले थप निराश बनाएको छ ।

मन्त्रालय बाँडफाँटमा एमालेको भागमा तल्लो क्रमका मन्त्रालय परेका छन् । एउटा भौतिक पूर्वाधार मन्त्रालयबाहेक अन्य ७ मन्त्रालय

बाँकी पृष्ठ २

**अभिशाप बन्दै निकुञ्ज**

# 'कुनबेला जनावरको आक्रमणमा परिन्छ, थाहा छैन'



■ सौर्य समाचार

काठमाडौँ । गत बिहीबार बाघका आक्रमणमा परी पर्साको पटेर्वा सुगौली-२ लक्ष्मीपुरका २३ वर्षीय सरोज अधिकारी गम्भीर घाइते बनायो । बाघले चिथोरेर र टोकेर शरीरका विभिन्न भागमा गम्भीर घाउ भएका अधिकारी यतिबेला वीरगन्जस्थित नारायणी अस्पतालमा उपचार गराइरहेका छन् ।

यस्तै, गत पुस ८ गते साँझ बाघकै आक्रमण गरी पटेर्वा सुगौली-२ थरकट्टीका ३२ वर्षीय मनोज महतोले ज्यान गुमाउनुपऱ्यो । ट्वाइलेट गएका बेला बाघको आक्रमणमा परेका उनको शरीरको केही भाग भोलिपल्ट बिहान जंगलको केही पर क्षत्‌विक्षत् अवस्थामा भेटियो ।

गत सोमबार मात्रै पनि पर्साको जिराभवानी गाउँपालिका-४ मा बाघले पूर्ववडाध्यक्ष सुभाष राउतसहित स्थानीयका बाखा बाघले मारेर खायो । खोरभित्रै पसेर बाघले २ वटा बाखा र एउटा खसी मारेकामा खसीलाई भनेर घिसारेर लगेको थियो ।

यस्तै, गत फागुन १६ गते पर्साको पर्सागढी नगरपालिका-७ का ललन यादवको गोठमा राखेका ७ वटा बाखा मारेको बाघले सोही राति पर्सागढी-१ कोलाभार निवासी मायादेवी मोक्तानको गोठमा रहेका ४ वटा बाखा पनि खाएको थियो ।

यस्तै, गत कात्तिक ८ गते जंगली हात्तीले आक्रमण गर्दा पर्सागढी-१ निवासी एकवाल हजराको मृत्यु भयो । सोही राति हात्तीले सो गाउँका १ दर्जन स्थानीयको घर भत्काउने र अन्नबाली खाने गरेको थियो । पछिल्लो २ महिनाको अवधिमा पर्साको पटेर्वा सुगौली, पर्सागढी नगरपालिका र जिराभवानी गाउँपालिकामा बाघ र हात्तीको आक्रमणबाट २

बाँकी पृष्ठ २

# रवि १३ महिनामै फर्किंदा वर्षमान र नारायणकाजीलाई लाग्यो १२ वर्ष !



■ सौर्य समाचार

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने १ वर्ष १ महिनापछि सोही वरीयता र पदमा 'कमब्याक' भएका छन् । २०७९ पुस ११ मा गृहमन्त्री नियुक्त भएका उनको १ महिनापछि नै अर्थात् माघ १३ गते सांसद पद खारेज भएसँगै उपप्रधान तथा गृहमन्त्रीबाट हट्नुपरेको थियो ।

तर, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाली कांग्रेसलाई अलग गरेर सोमबार नेकपा एमाले, रास्वपासहितका दललाई समेट्दै नयाँ गठबन्धन गरेपछि भने रविको सोही 'पोजिसन'मा पुनरागमन भएको हो । प्रचण्डले नयाँ गठबन्धनको प्रयास गर्दा नै रविले गृहको अडान राखेका थिए ।

उनले बुधबार राति नै पदभार ग्रहण गरिसकेका छन् । उपप्रधानमन्त्री लामिछानेले सरकारी जग्गा हडप्नेहरूलाई कारबाही गर्ने र सरकारी सम्पत्ति सरकारकै नाममा ल्याउने पहिलो निर्णय गरेका छन् ।

पदभार ग्रहण गर्दै लामिछानेले कुनै पनि अनुसन्धानलाई प्रभावित पार्ने काम आफ्नो पार्टीले नगर्ने बताए । कर्मचारीहरूलाई निर्देशन दिँदै उनले आफ्ना कुनै पनि कार्यकर्ताले अनुसन्धानलाई प्रभावित पार्न खोजे उनीहरूलाई पनि कानुनअनुसार कारबाही गर्न निर्देशन दिए ।

आफ्नो नाम लिएर वा आफूसँग खिचेको फोटो देखाउँदै सरुवा र बढुवाको चिर्कटो बोकेर कोही आएमा जानकारी दिन भन्दै उनले त्यस्तो व्यक्तिलाई सिंहदरबार प्रवेशमै रोक लगाउने र न्याय माग्न मन्त्री नै भेट्ने चलन हटाइछाड्ने घोषणा पनि गरेका छन् ।

गत वर्षको मंसिर ४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा चितवन-२ बाट निर्वाचित भएका रविको सांसद पद गएपछि भएको

बाँकी पृष्ठ २

## अन्ततः प्रचण्डले...

माओवादीबाट नारायणकाजी श्रेष्ठ उपप्रधान एवं परराष्ट्र, वर्षमान पुन अर्थ, शक्ति बस्नेत ऊर्जा तथा जलस्रोत, रेखा शर्मा सञ्चार तथा सूचना प्रविधिमन्त्री र हितबहादुर तामाङ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बनेका छन् । यस्तै, रास्वपाबाट रवि लामिछाने उपप्रधान तथा गृह, डोलप्रसाद अर्याल श्रम तथा रोजगार, विराजभक्त श्रेष्ठ युवा तथा खेलकुद र सुमना श्रेष्ठ शिक्षामन्त्री भएका छन् । नेकपा एकीकृत समाजवादीबाट नयाँ मन्त्रिमण्डलमा २ जना मन्त्री सहभागी भएका छन् । सो पार्टीबाट भानुभक्त जोशी र धनबहादुर बुढा मन्त्री भएका हुन् । जोशी संघीय मामिला तथा सामान्य प्रशासन र बुढा सहरी विकासमन्त्री भएको प्रधानमन्त्री कार्यालयले जानकारी दिएको हो ।

## भन्छन्...

तल्लो श्रेणीका मानिन्छन् । प्रधानमन्त्रीलगायत सबै 'क' श्रेणीका मन्त्रालय माओवादी स्वयंले राखेको छ । त्यसपछि जनतासँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालय रास्वपाका भागमा परेका छन् । एमालेले किन गृह, अर्थ, परराष्ट्र, सञ्चारजस्ता शक्तिमान मन्त्रालय छाडेको ? भन्ने प्रश्नमा एक एमाले केन्द्रीय सदस्य भन्छन्- 'एमालेलाई सिंगो गठबन्धन छ नि !'

बुधबारै बागलुङमा भइरहेको महायज्ञको समापन समारोहमा सहभागी हुन जानुअघि प्रधानमन्त्री प्रचण्डसँग एमाले अध्यक्ष केपी शर्मा ओलीको कुराकानी भएरै भागबन्डा टुंगो लागेको बताइएको छ । ओलीले बागलुङ जानुअघि प्रधानमन्त्रीलाई 'तपाईँलाई के गर्दा सजिलो हुन्छ, क-कसलाई के कति दिनुहुन्छ दिनुस्' भनेको उनीनिकट स्रोत बताउँछ । पार्टीमा ओलीको निर्णयको प्रतिवाद गर्ने वा शंका गर्ने प्रायः नभएकाले उनको विचार नै नीति बन्ने गरेको छ । 'अध्यक्ष चतुर हुनुहुन्छ, पछिको केही सोचेरै यस्तो गर्नुभएको होला !' अधिकांश एमाले कार्यकर्ता यसरी चित्त बुझाएर बसेको देखिएको छ ।

## रवि १३...

सोही क्षेत्रको उपनिर्वाचनमा विजयी भएर पुनः सांसद बने । त्यसयता निरन्तर विवादमा तानिइरहेका रविलाई लक्षित गर्दै नेपाली कांग्रेसका महामन्त्री तथा सांसद गगन थापाले नेताका नाममा सहकारी ठग्नेहरूलाई घर पठाएर अनुसन्धान गर्नुपर्ने अभिव्यक्ति दिएका थिए । उनी ग्यालेक्सी टिभीमार्फत् भएको पोखराको एक सहकारी घोटाला प्रकरणमा जोडिएका छन् । सोही कारण तत्कालीन सरकारले सहकारी ठगीमा रविको भूमिका हेर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो र कास्की प्रहरीलाई निर्देशन दिएको थियो ।

यसअघिका गृहमन्त्री नारायणकाजी श्रेष्ठले नक्कली भुटानी शरणार्थी प्रकरण, बालुवाटार जग्गा प्रकरण, बाँसबारी छाला जुत्ता कारखानाको जग्गा लगायत प्रकरणमा अनुसन्धान अघि बढाएपछि रविले त्यसलाई निष्कर्षमा नपुऱ्याएर आफ्ना मानिसलाई जोगाउने गरी अनुसन्धान गरेको आरोप लगाउँदै आएका छन् । गृहमन्त्रीका रूपमा लामिछानेमाथि जनस्तरबाट धेरै अपेक्षा छन् । यसअघि १ महिनामात्रै गृहमन्त्री हुँदा गरेका केही सकारात्मक पहलका कारण पनि जनतामा उनीप्रति आशा बढी नै छ । तर, अब उनले त्यो जनअपेक्षा कसरी र कुन रूपमा पूरा गर्छन्, त्यो भने समयलाई कुर्नुको विकल्प छैन ।

### वर्षमान र नारायणकाजी फर्किए १२ वर्षमा

यसैबीच, नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुन वर्तमान सरकारको अर्थमन्त्री नियुक्त भएका छन् । बुधबार राष्ट्रपति निवासमा शपथग्रहणपछि उनले मन्त्रालय पुगेर पदभार पनि ग्रहण गरिसकेका छन् । यसअघि २०६८ सालमा बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला पहिलो पटक अर्थमन्त्री बनेका वर्षमान १२ वर्षपछि सोही जिम्मेवारीमा पुगेका छन् । उनको मन्त्रीयात्रामा यो चौथो हो । २०७९ सालमा बाबुराम भट्टराईको पुनर्गठित सरकारमा शान्ति तथा पुनर्निर्माणमन्त्री भएका थिए भने २०७४ सालमा ऊर्जामन्त्री भएका थिए । बुधबार पदभार ग्रहण गर्दै अर्थमन्त्री पुनले अर्थतन्त्रमाथि आशा जगाउने काममा लाग्ने बताए । उनले अहिले बोल्नेभन्दा पनि काम गरेर देखाउने समय भएको भन्दै काम गरे निराश हुनुपर्ने अवस्था नरहेको भनाइ राखे । 'यसअघि पनि सबैतिर समस्या थिए । अहिलेको समस्यमा अर्थतन्त्रमाथि आशा जगाउन सकिन्छ । यसमा सकारात्मक हुनुपर्छ । सबै क्षेत्र नराम्रो छैन,' उनले भने, 'केही क्षेत्र मात्रै नराम्रा र समस्यामा छन् । ती क्षेत्रहरूलाई प्राथमिकतामा राखेर काम गर्नेछौँ ।'

यस्तै, पूर्वगृहमन्त्री नारायणकाजी श्रेष्ठ पनि १२ वर्षपछि परराष्ट्र मन्त्रालय फर्किएका छन् । उनी पनि २०६८ सालमै पहिलोपटक परराष्ट्रमन्त्री बनेका थिए । सोमबारसम्म गृहमन्त्री रहेका श्रेष्ठ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन परिवर्तन गरेसँगै मन्त्री पद गुमाएका थिए । तर बुधबार उनले पुनर्गठन गरेको मन्त्रिमण्डलमा उनी परे । यसअघि रहेको उपप्रधानमन्त्री कायमै राख्दै उनलाई परराष्ट्र मन्त्रालयको जिम्मेवारी दिइएको हो ।

श्रेष्ठले पनि बुधबार नै पदभार ग्रहण गरिसकेका छन् । पदभार ग्रहण गर्दै उनले नेपालले कूटनीतिक शिष्टतामा ध्यान दिन आवश्यक रहेको बताए । उनले दुई छिमेकी राष्ट्रको सम्बन्धलाई सुदृढ गर्न, उन्नत बनाउने प्राथमिकताका साथ काम गर्ने पनि बताए । वैदेशिक रोजगारीमा रहेका सबै नेपालीको रक्षा गर्ने आफ्नो कार्यभार रहेको बताउँदै उनले गैरआवासीय नेपालीको लगानीलाई नेपालको विकासका निम्ति परिचालित गर्न प्रोत्साहित गर्ने जनाए । कूटनीतिक आचारसंहिताको कार्यान्वयनमा आफूले विशेष जोड दिने उनको भनाइ छ ।

## कुनबेला...

दर्जनभन्दा बढी व्यक्ति घाइते भएको र बाख्रा, गाई र भैंसी गरी ३ दर्जनभन्दा बढी पशुचौपाया मारेको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले जानकारी दिए । पर्साका विभिन्न गाउँबस्तीमा बाघ, हात्तीलगायत जंगली जनावरको आक्रमणबाट बर्सेनि सर्वसाधारणले ज्यान गुमाउँदै आएका छन् । जंगली जनावरको आक्रमणमा परी कतिपयको तत्कालै मृत्यु हुने गरेको छ भने कतिपयको तत्काल उपचार भए पनि घाउमा इन्फेक्सन भएर केही समयपछि मृत्यु हुने गरेको छ ।

पर्सा राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय वनजंगलबाट आउने बाघ, हात्तीलगायत जंगली जनावरले मानव बस्तीमा पसेर मानवीय तथा पशु चौपायालाई क्षति पुऱ्याउनुका साथै गहुँ तथा तरकारी नष्ट गर्न थालेपछि स्थानीय बालीनालीको सुरक्षाका लागि राति जाग्राम बस्न बाध्य भएका छन् ।

पर्साको जिराभवानी, ठोरी, पटेर्वा सुगौली, पर्सागढी र सखुवा प्रसौनी गाउँपालिकाका १ दर्जन गाउँका किसान जंगली जनावरबाट पीडित भएका छन् । वनजंगलबाट आउने चित्तल, हात्ती, हरिण, नीलगाई, बँदेल, बाँदर, भालु, मयूरलगायत जंगली जनावरले गहुँ, मकै, आलु, तोरीलगायत बाली सखाप पार्ने गरेकाले जोगाउन जाग्राम बस्न बाध्य भएको ठोरी गाउँपालिकाका रञ्जित श्रेष्ठले बताए ।

राष्ट्रिय वनमा घेरबार नहुँदा दैनिकजसो जंगलबाट आउने जंगली जनावरले बालीनली नष्ट पार्ने गरेको श्रेष्ठले बताए । खासगरी रातको समयमा आउने जंगली जनावरले गहुँबालीमा व्यापक क्षति पुऱ्याउने गरेकाले क्षति न्यूनीकरणका लागि सो ठाउँमा मचान बनाएर राति निगरानी गरिरहेको जिराभवानी गाउँपालिकाका किसान शंकर महतोको भनाइ छ । रातिको समयमा आउने हात्तीलाई धपाउन किसानले पटका पड्काउने र अन्य जंगली जनावरलाई भगाउन टिन ठटाउने र होहल्ला गर्ने गरेको महतोले बताए । स्थापनाकालदेखि नै पर्सा राष्ट्रिय निकुञ्ज र राष्ट्रिय वनका जीवजन्तुले बर्सेनि उत्पात मच्चाँदै व्यापक धनजनको क्षति पुऱ्याउँदै आएकाले यसको नियन्त्रणको ठोस पहल गर्न नयाँ सरकारसँग स्थानीयले आग्रहसमेत गरेका छन् । जंगली जीवजन्तुको उत्पातबाट हाम्रो जीवन नै संकटमा परेको छ,' पटेर्वा सुगौली-२ का स्थानीय सुमन अधिकारी भन्छन्, 'कतिबेला जंगलबाट बाघ, भालु र हात्ती आउँछ र आक्रमण गर्छ भन्ने त्रासमा हामी बाँचिरहेका छौँ ।' जंगली जनावरका कारण आफू न स्वतन्त्र रूपमा हिँडडुल गर्न सकिरहेका छौँ, न त निर्धक्क घरकै सुत्न पाइरहेका छौँ,' उनको दुखेसो छ । पटक-पटक जंगली जनावर नियन्त्रणका लागि स्थानीयबासीबाट माग उठ्दै आए पनि सरकारी स्तरबाट खासै कुनै पहल नभएको सुनाउँदै ठोरी गाउँपालिकाका रामबहादुर श्रेष्ठ भने, 'हामीले जंगली जनावरको आतंक रोक्न धेरैपटक आवाज उठायौँ । तर, अहिलेसम्म हाम्रो समस्या समाधान भएन ।' बाघ, हात्ती, अर्ना, भालुलगायत जंगली जनावरले दिउँसै आक्रमण गर्न थालेपछि आजित भएका स्थानीयबासीले त्यसको दीर्घकालीन समाधानका लागि सरकारलाई दबाब दिन र आफू पनि सक्रिय रहन जनप्रतिनिधिसँग समेत आग्रह गर्दै आएका छन् । डिभिजन वन कार्यालय पर्साका प्रमुख हेमन्त साहले राष्ट्रिय वनजंगल आसपास क्षेत्रमा जंगली जनावरले आतंक मच्चाउँदै आएको स्वीकार्दै समस्या समाधानका लागि पहल गरिरहेको बताए । बजेट तथा आवश्यक कानुन अभावका कारण समग्र जंगल क्षेत्रमा घेरबार गर्न नसकिएपछि जंगली जनावरले बढी क्षति पुऱ्याउने क्षेत्रमा ठुला खाल्डा खनेर तत्कालीन समस्या समाधान गर्न सकिने उनको भनाइ छ ।

आफूहरूसँग बाघ व्यवस्थापनको उचित टोली नभएकाले समस्या निरन्तर बढेको उनको भनाइ छ । तर, यो समस्या समाधानबारे आफूले सम्बन्धित निकायमा पत्राचार गरेको उनले जनाए । 'बाघको उद्धार गर्ने स्पेसल टोली चितवन राष्ट्रिय निकुञ्जमा छ,' उनले भने, 'त्यहीँबाट टोली माग गरेका छौँ । टोली आइसकेपछि बाघको उचित व्यवस्थापन तथा उद्धारमा जुट्नेछौँ ।' पर्सा राष्ट्रिय निकुञ्ज आधाभारका वाडेन रामचन्द्र खतिवडाले मानव बस्तीमा बाघ पसेर मानवीय क्षति पुऱ्याउने कार्यप्रति आफू गम्भीर रहेको र तत्काल समस्याको समाधान खोज्ने प्रयास भइरहेको बताए ।

# काठमाडौँ-तराई द्रुतमार्ग समयमै सक्न निर्देशन

**सौर्य समाचार**

काठमाडौँ । नवनियुक्त रक्षामन्त्री हरिप्रसाद उप्रेतीले काठमाडौँ-तराई द्रुतमार्गलाई समयमै सक्न मन्त्रालय र नेपाली सेनाका उच्च अधिकारीलाई निर्देशन दिएका छन् । सिंहदरबारस्थित कार्यालयमा बुधबार पदबहाली गर्दै मन्त्री उप्रेतीले नेपाली जनताको आशा र अपेक्षाको विषय रहेको उक्त आयोजनामा ढिलाइ भएको विषयमा आफू जानकार रहेको र अब निर्धारित समयमै सकाउन मन्त्रालयका तर्फबाट गर्नुपर्ने काममा कुनै कसर बाँकी नराखिने बताए । उनले राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित र विकासमा मन्त्रालय तथा नेपाली सेनाले देखाउँदै आएको क्रियाशीलतालाई कायम राखी प्रभावकारी काम गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री उप्रेतीले नेपाली जनताको अगाध आस्था र विश्वासको धरोहर रहेको नेपाली सेनाको क्षमता विकासका काममा प्राथमिकता दिइने बताए । उनलाई मन्त्रालयका सचिव किरणराज शर्मा, नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मालगायत उच्च पदाधिकारीले स्वागत गरेका थिए ।

२०३७ सालमा काठमाडौँको सरस्वती क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को सभापति भएपछि राजनीतिमा होमिएका मन्त्री उप्रेतीको यस मन्त्रालयमा दोस्रो आगमन हो । २०७० सालमा संविधानसभा सदस्यमा निर्वाचित उप्रेती गत निर्वाचनमा सर्लाही क्षेत्र-३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । उनी २०७९ सालमा डेढ महिना रक्षामन्त्री रहेका थिए । एमालेको केन्द्रीय स्थानीय तह विभागका सदस्य उप्रेती सो पार्टीको मधेस प्रदेश कमिटीको पूर्वसदस्य रहिसकेका छन् ।


**बोलपत्रद्वारा काठ लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।११।२४**

विजय सामुदायिक वन उपभोक्ता समुहको वनबाट आ.व. २०७९/८० मा उत्पादन भई सामुदायिक वनको घाटगद्धिमा विभिन्न लट बनाई राखिएको साल गोलिया थान ३४२ को २३०१.३४ क्यू.फि. काठ हाल जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री विजय सामुदायिक वन उपभोक्ता समुह**
**मध्यविन्दु नगरपालिका ७, चोरमारा, नवलपरासी (व.सु.पू.)**



**PRiME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

**को**

**शाखा कार्यालय मंगलबजार, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति: २०८०/११/२४ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय मंगलबजार, ललितपुरबाट लिनु भएको सुन कर्जा **(Gold Loan)** को बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्व चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको सुन तथा सुनका गरगहनाहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण |
|---|
| बुद्धी रत्न तुलाधरको नातिनी, रबिन्द्र मान तुलाधरको छोरी, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३० स्थित स्थायी ठेगाना भएको **रोजिता तुलाधर (ना.प्र.प.नं. ८२२८, काठमाण्डौं)** |



**चौदण्डीगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेल्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्रस्वीकृत गर्ने आशयको सूचना**

**कार्यालयमा प्रकाशित मिति: २०८०/११/२३, पत्रिकामा प्रकाशित मिति: २०८०/११/२४**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा मिति २०८०/१०/०५ गतेकोप्रकाशित बिध्युतिय बोलपत्र आह्वानको सूचना अनुसारनिम्न ठेक्का न. को लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्य मुल्यांकन समितिको सिफारिसको आधारमा निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि. न. | ठेक्का न. | कामको विवरण | स्वीकृतीको लागि छनोट गरिएको बोलपत्रदाताको नाम र ठेगाना | जम्मा कवोल अंक रू. (मु.अ. कर समेत) | कै. |
|---|---|---|---|---|---|
| १. | 03/CGM/080/081 | Barkhe Danda, Sami Chowk, Makam Danda hudai Kusum chauri Road Upgrade | चौदण्डीगढी निर्माण कम्पनी प्रा. लि., चौ.न.पा. ४ | ६७,०२,२२२.१० (सर्सठी लाख, दुई हजार, दुई सय र बाईस रुपयाँ र दस पैसा) | |
| २. | 06/CGM/080/081 | Highway, baghbir ko ghardekhisaureli tole chiprung tole dekhibhorleni road upgrade | सिद्धार्थ निर्माण सेवा, बारा, नेपाल | १,०४,२३,७४८.०० (एक करोड, चार लाख, तेईस हजार, सात सय र अर्चालिस रुपयाँ) | |

**चौदण्डीगढी नगरपालिका कार्यालय**



**Province Government**

**Ministry of Internal Affairs and Law, Koshi Province**

**Invitation for Bids for the Supply, Delivery, Installation and Demonstration of CCTV Surveillance and ANPR solution with Radar Gun**

**Contract Identification No: MOIAL/ANPR/02-080-81**

**Date of publication: 07-03-2024 00:00**

1. The Province Government of Koshi Province has allocated funds to cover eligible payment under the Contract for Supply, Delivery, Installation and Demonstration of CCTV Surveillance and ANPR solution with Radar Gun (IFB No: MOIAL/ANPR/02-080-81). Bidding is open to all eligible Nepalese Bidders. [defined in the guidelines]
2. The Ministry of Internal Affairs and Law, Koshi Province invites electronic bids from eligible bidders for the procurement of Supply, Delivery, Installation and Demonstration of CCTV Surveillance and ANPR solution with Radar Gun under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO egp system website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the following bank/office by eligible Bidders upon payment of a non-refundable fee of 3000.0 NRs till 07-04-2024 12:00
   **Name of the Bank :** **Rastriya Banijya Bank Ltd.**
   **Name of the Office:** **Ministry of Internal Affairs and Law, Koshi Province**
   **Office Code no:** **3140013011**
   **Office Account no:** **1000100201010001**
   **Rajaswa (revenue) Shirshak no:** **14229**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before 07-04-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 07-04-2024 13:00 hours at the office of Ministry of Internal Affairs and Law, Koshi Province
   Biratnagar, Morang, Koshi Province, Nepal
   Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 300000.00NRs which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# इलाममा दुई सय वर्षअघिको इतिहास खोजी

# 'निशान पदमार्ग' विकास गरिँदै



■ राम योङहाङ

इलाम । इलाममा दुई सय वर्ष अघिको युद्ध इतिहास खोज्न थालिएको छ । अंग्रेज-नेपाल युद्धपछि १८७२ फागुन २० मा भएको सुगौली सन्धिपश्चात् नेपाली सेनाले इलाम सदरमुकामसम्म निशान ल्याउन प्रयोग गरेको मार्ग पहिचान गरी 'निशान पदमार्ग' को रूपमा प्रवर्द्धन र विकास गरिने भएको छ ।

इलाम सदरमुकामस्थित नेपाली सेनाको रणसार्दुल गणको पहलमा भारतको मिरिकस्थित नागरीगढीदेखि करफोकको पूर्णेडाँडा, नामसालिङ हुँदै इलाम नगरपालिका-७ स्थित माइस्थान मन्दिरमा निशान ल्याउन प्रयोग भएको नेपाली भूभागको मार्ग पहिचान गरी 'निशान पदमार्ग' का रूपमा विकास गर्न लागिएको हो ।

रणसार्दुल गणका गणपति प्रह्लाद घलेको पहलमा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित सुरक्षा निकायका प्रमुख, पदमार्गले छुने पालिकाहरू इलाम नगरपालिका, सूर्योदय नगरपालिका र माइजोगमाई गाउँपालिकाका प्रमुखहरूको बैठकले त्यस्तो निर्णय गरेको गणपति घलेले जानकारी दिए ।

'सम्बन्धित स्थानीय तहहरूको पहलमा जनप्रतिनिधि र स्थानीय बासिन्दासँगको समन्वयमा निशान ल्याउँदा प्रयोग भएको मार्गलाई निशान पदमार्गको रूपमा विकास गर्न आआफ्नो क्षेत्रभित्र पर्ने इलाकाको पहिचान गर्न सम्बन्धित पालिकाहरूले नेतृत्व गर्ने निर्णय भएको छ', गणपति घलेले भने, 'सो बाटोकको पहिचान गर्न एक समिति गठन गरी कार्य प्रारम्भ भएको छ ।'

समितिले पहिचान गरेको स्थानहरूमा ऐतिहासिक महत्व झल्किने किसिमका प्रवर्द्धनात्मक सामग्रीहरू तयार गर्न पालिका र नेपाल पर्यटन बोर्डसँग समन्वय गरिनेसमेत उनले बताए । 'निशान पदमार्ग' का लागि पर्यटन बोर्डले १० लाख रुपैयाँ विनियोजनसमेत गरेको उनले जानकारी दिए ।

इलामको ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाको खोज, पहिचान, संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले निशान पदमार्गलाई विकास गर्न खोजिएको गणपति घलेले बताए । 'इतिहासको संरक्षणमा ठोस योगदान पुग्नेछ, इलामबासीको धार्मिक र सांस्कृतिक आस्थाको केन्द्रको रूपमा रहेको माईस्थान मन्दिर क्षेत्रको महत्व बढ्नेछ', उनले भने, 'समग्रमा इलामको पर्यटन व्यवसायमा सकरात्मक प्रभाव पार्नेछ ।' 'निशान पदमार्ग' निर्माणका लागि इलाम नगरपालिका, सूर्योदय नगरपालिका र माईजोगमाई गाउँपालिकाले समेत चासो देखाएका छन् । सूर्योदय नगरपालिका उपप्रमुख दुर्गाकुमार बरालले आफ्नो नगरपालिकाका भूभागभित्र निशान ल्याइएको मार्ग पहिचान गर्न प्रारम्भिक अध्ययन सुरु गरिएको बताए । 'हामीले एक पटक समन्वय बैठक बसेर निशान ल्याइएको मार्ग पहिचान गर्न अध्ययन सुरु गरिसकेका छौं', बरालले भने, 'पमदमार्गसहित गढीसमेत राख्ने पहल गरिरहेका छौं ।'

माईजोगमाई गाउँपालिका अध्यक्ष कुशबहादुर थेवेले विस्तृत योजना बनाएर अगाडि जानुपर्नेमा जोड दिए । 'पदमार्गले अकुपाई गर्ने जग्गा व्यवस्थापन गर्ने जिम्मा सम्बन्धित पालिकालाई दिएर जानुपर्छ', अध्यक्ष थेबेले भने, 'इतिहासको खोजी गरी पर्यटनको विकासमा समेत टेवा पुऱ्याउने यस्तो काममा माईजोगमाई गाउँपालिका सधैं तत्पर छ ।'

तत्कालीन अंग्रेज-नेपाल युद्धपछि १८७२ फागुन २० मा भएको सुगौली सन्धिले पूर्वमा मेची नदीलाई नेपाल-भारत सीमा कायम भयो । त्यसपछि मिरिकस्थित नागरीगढीमा रहेको श्रीनाथ सिंह पल्टन अहिलेको इलाम सूर्योदय नगरपालिकाको करफोकस्थित पूर्णेडाँडामा आएर बसेको इतिहास छ ।

मेचीदेखि नागरीगढी हुँदै टिस्टासम्मको भू-भाग ४० दिनभित्र गढी खाली गर्न सम्झौता भयो । सम्झौता कार्यान्वयन गर्दै सुब्बा जयन्त खत्रीले नागरीगढी खाली गरी सदरमुकाम करफोक ल्याएका थिए ।

पूर्णेडाँडा भारतीय सीमानजिक भएको र अंग्रेजले जुनसुकै बेला आक्रमण गर्न सक्ने भएकाले मुकाम खडा गर्नेक्रममा माइजोगमाई गाउँपालिकाको नामसालिङस्थित हात्तीटार हुँदै श्रीनाथ सिंह पल्टन इलाम नगरपालिका-७ स्थित माईस्थान मन्दिर ल्याइएको थियो । माईस्थान मन्दिर १८८० सालमा स्थापना भएको अनुमान छ । हाल निशान सोही मन्दिरमा संरक्षण गरी राखिएको छ ।

# बझाङमा भूकम्प प्रभावित युवाहरूका लागि सातदिने डकर्मी तालिम



■ टेकेन्द्र बोहरा

बझाङ । जिल्लामा भूकम्प प्रभावित युवाहरूका लागि सातदिने डकर्मी तालिमको उद्घाटन भएको छ । बुधबार एक कार्यक्रमका बीच दलित सहयोग समाज वर्ल्डभिजन इन्टरनेसनल नेपालको आर्थिक सहयोगमा केदारस्यु गाउँपालिकाको झोतामा तालिमको उद्घाटन भएको हो ।

तालिमको उद्घाटन कार्यक्रममा बोल्दै दलित सहयोग समाजका अध्यक्ष मोहनलाल विकले केदारस्यु गाउँपालिका भित्रका सात वटै वडाहरूमा पहिलादेखि नै गाउँघरमा डकर्मी काम गर्दै आएका तर भूकम्प प्रतिरोधी घर कसरी बनाउने भन्ने सीप ज्ञान नभएकाहरूलाई भूकम्प प्रतिरोधी घर बनाउन र सीप प्रदान गर्न तालिममा सहभागी गराएको बताए ।

विकले संस्थाले केही वर्ष यता गाउँपालिकामा शिक्षा जीविकोपार्जन लगायतका कामहरू पनि संस्थाले गर्दै आएको केही महिनाअघि पश्चिम नेपालमा आएको भूकम्पले बझाङ जिल्लामै ठूलो क्षति गरेको हुँदा वल्डभिजन इन्टरनेसनल नेपाल र हाम्रो संस्थाले भूकम्प प्रतिरोधी घर बनाउन स्थानीयस्तरमा रहेका डकर्मी काम गरेकाहरू दक्ष बनाउन यो तालिमको आयोजना गरेको र तालिममा सिकेका कुराहरूलाई व्यवहारमा लागू गरी गाउँघरमा पनि भूकम्प प्रतिरोधी घर बनाउन सकिन्छ भन्ने सन्देश दिन सकिने बताए ।

नेपाल सरकारले भवन निर्माण निर्देशिका लागू गरिसकेको हुँदा केही पालिकाहरूले त्यो निर्देशिकालाई आप्नो पालिकामा लागू गरेको र अब बन्ने घरहरू भूकम्प प्रतिरोधी हुनुपर्ने प्रशिक्षक लोकेश भट्टले बताए ।

भट्टका अनुसार हामीले यो सात दिने तालिममा भूकम्प प्रतिरोधी घर कसरी बनाउने, घर जग बनाउँदा जाली कसरी बनाउने, बिम पिल्लर घरको छत ढलान कसरी बनाउने घरको ढोका झ्याल कुन ठाउँमा राख्ने, बालुवा सिमेन्ट कति राख्ने लगायतका कुराहरू समेट्ने बताए ।

कार्यक्रममा सातओटै वडाका ३० भन्दा बढी डकर्मीहरूको सहभागिता रहेको छ ।


**शिलवन्दी बोलपत्रद्वारा काठ लिलाम बिक्रीको २१ दिने सूचना**

**दोस्रोपटक प्रकाशित मिति: २०८०/११/२१**

श्री प्रतिक्षा महिला सा.व.उ.स. भजनी न.पा. ७, कैलालीको सामुदायिक वन क्षेत्रबाट यस सा.व.उ.स.ले आर्थिक वर्ष २०७८/०७९ मा नियमानुसार संकलन गरी आन्तरिक खपत पश्चात बाँकि रहेको काठ आर्थिक वर्ष २०८०/०८१ मा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बढाबढबाट बिक्री वितरणको लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएकोले रित पुरा भएका इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित मितिले २१ दिनभित्र खरिद गरी २२ औं दिन दिनको २:०० बजे भित्र नियमानुसार समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको लागि समूहको कार्यालय वा सम्बन्धित निकायमा वा टेलिफोन नं ९८१५६१५६३१ मा सम्पर्क गर्नहुन जानकारी गराइन्छ ।

| क्र.स. | जात/ग्रेड | ए | | बी | | सी | | डी | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | |
| १. | साल | ११ | ३३५.३२ | ९ | १४६.४ | ३ | १५.१७ | ० | ० | २३ | ४९६.८९ | |
| २. | असना | ४ | ५१८.५५ | २ | ४१.६७ | १ | १४.०१ | ० | ० | ७ | १७४.२३ | |
| ३. | जामुन | ० | ० | २ | ४४.०६ | ० | ० | ० | ० | २ | ४४.०६ | |
| | जम्मा | १५ | ४५३.८७ | १५ | २३२.१३ | ४ | २९.१८ | ० | ० | ३२ | ७१५.१८ | |

**श्री प्रतिक्षा महिला सामुदायिक वन उपभोक्ता समूह**
**भजनी न.पा.-७, कैलाली**



**मिक्लाजुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मधुमल्ला, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८०।११।२४**

यस कार्यालयको तर्फबाट मिति: २०८०।१०।१६ मा "Sourya National Daily" मा प्रकाशित सूचना अनुसार निर्माण कार्यको तपशिल बमोजिमको न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराईन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

| ठेका नं. | विवरण | फर्मको नाम | कबोल अंक (मु.अ.क. र P.S item सहित) |
|---|---|---|---|
| 5/MRMM/WORKS/NCB/080/81 | (Kirateshwor Saamudaayika Sabha hall Miklajung-3) | Tulasa Construction | 27,49,371.88 |

**प्रमुख प्रशासकीय अधिकृत**



**बाँसगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाँसगढी, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०८०/११/२४ गते)**

यस कार्यालयबाट मिति २०८०/१०/१९ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार देहायका कार्यमा पर्न आएका बोलपत्रहरुको मुल्यांकन गर्दा, देहायका फर्महरुको दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | कबोल अंक (VAT र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | BM/NCB/2080/081-19 | Construction Of different road of Ward no.6, Package-01. | M/S Jay Kedareshwor Construction Pvt. Ltd., Lokanthali – 01. | 5,08,900.00 | |
| 2 | BM/NCB/2080/081-20 | Construction Of different road of Ward no.6, Package-02. | M/S J.R. Construction Pvt.Ltd., Baijanath – 01, Banke. | 10,81,436.5 | |
| 3 | BM/NCB/2080/081-21 | Construction Of different road of Ward no.6, Package-03. | M/S Jay Kedareshwor Construction Pvt. Ltd., Lokanthali – 01. | 7,01,200.00 | |
| 4 | BM/NCB/2080/081-22 | Construction Of different road of Ward no.8, Package-01. | M/S Surkheti Khadka Nirman Sewa Pvt. Ltd. Bansgadhi – 06, Bardiya. | 8,52,420.00 | |
| 5 | BM/NCB/2080/081-23 | Construction Of different road of Ward no.8, Package-02. | M/S Jay Kedareshwor Construction Pvt. Ltd., Lokanthali – 01. | 7,85,976.00 | |
| 6 | BM/NCB/2080/081-24 | Construction of Lakhna School chok-Dumping site Road, Ward No.3. | M/S Bhada Construction, Gulariya, Bardiya. | 34,07,513.90 | |

**प्रमुख प्रशासकीय अधिकृत**



**Miklajung Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Madhumalla, Morang**
**Koshi Province, Nepal**

**Invitation for Bid**

**FIRST NOTICE:24th Falgun2080 (7st March2024)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive,Madhumalla Morang Invites Online BidsunderE-procurementsystem from eligible bidders for the procurement of following goods.

| S.N. | Contract Identification Number and description of works | Bid Security Amount NRs | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Estimated Amount without VAT |
|---|---|---|---|---|---|---|
| 1 | 8/MRMM/GOODS/SQ/080/81 (Supply of Fabricated Steel Parts and Transportation upto Road head of Mugu Trail Bridge) | 42,000 | 1000 | 12:00 noon 22nd March 2024 | SQ | 16,43,439.80 |

Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office ofMiklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla, Morang, during the office time.

**Chief Administrative Officer**

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# उपप्रधानमन्त्रीको लज्जाजनक ताँती

हाम्रोजस्तो गरिब मुलुकमा सत्ता प्राप्तिका लागि राजनीतिक दल तथा नेताहरू कतिसम्म गिर्दा रहेछन् ? भन्ने उदाहरण प्रस्तुत गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुधबार नयाँ मन्त्रिपरिषद गठन गरेका छन् । नवगठित मन्त्रिपरिषद २० सदस्यीय छ । जसमध्ये तीन जना उपप्रधानमन्त्री छन् । माओवादीका नारायणकाजी श्रेष्ठ, एमालेका रघुवीर महासेठ र रास्वपाका रवी लामिछाने उपप्रधानमन्त्री बनेका छन् । उपेन्द्र यादव नेतृत्वको जसपा सरकारमा आएपछि उपप्रधानमन्त्रीको संख्या थपिएर चार पुग्ने माओवादीले जनाएको छ । पदीय जिम्मेवारी उपप्रधानमन्त्री र मन्त्रीको एउटै हुन्छ । तर, सचिवालय सुविधा र तलब भत्ता भने मन्त्रीको भन्दा उपप्रधानमन्त्रीको बढी हुन्छ । वर्तमान तलबमान अनुसार उपप्रधानमन्त्रीको तलब मासिक ७७ हजार ६ सय ४० रुपैयाँ तोकिएको छ । मन्त्रीको तलब मासिक ७२ हजार ७ सय ३० रुपैयाँ छ । मन्त्रीलाई आठ जना र उपप्रधानलाई १४ जनासम्म सुरक्षाकर्मी दिने व्यवस्था कार्यविधिमा छ । जसअनुसार सुरक्षाकर्मीको खर्च मन्त्रीको भन्दा उपप्रधानमन्त्रीको मासिक करिब तीन लाख रुपैयाँ बढी हुन्छ । त्यसैगरी मन्त्रीहरूको सुविधासम्बन्धी ऐनअनुसार पनि उपप्रधानमन्त्री र मन्त्रीले पाउने तलब भत्ता, भ्रमण भत्ता, भ्रमणमा जाँदा उपलब्ध हुने टिकटको सुविधामा फरक छ । मन्त्रीले भन्दा उपप्रधानमन्त्रीले केही बढी पाउँछन् ।

विश्वको सबैभन्दा ठूलो लोकतन्त्र मानिने भारतको जनसंख्या करिव डेढ अर्ब छ । तर, भारतमा एक जना पनि उपप्रधानमन्त्री छैनन् । तर, तीन करोड जनसंख्या भएको नेपालमा तीन जना उपप्रधानमन्त्री बनाइसकिएको छ भने अझै एक जनाका लागि कोटा छुट्याएर राखिएको छ । जबकी भारतको र नेपालको शासन व्यवस्था मिल्दोजुल्दो छ । उपप्रधानमन्त्रीहरूको संख्या यति ठूलो बनाइएको कुन सिद्धान्तका आधारमा हो त ? आवश्यकताको सिद्धान्तका आधारमा हो कि ? पदलोलुपताको सिद्धान्तका आधारमा ? निश्चय पनि आवश्यकताको सिद्धान्तका आधारमा जम्बो उपप्रधानमन्त्री परिषद् बनाइएको होइन, बिलकुल पदलोलुपताको सिद्धान्तका आधारमा जम्बो उपप्रधानमन्त्री परिषद् बनाइएको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्ता टिकाउन एमाले अध्यक्ष केपी शर्मा ओलीको सुझावमा पार्टीपिच्छे उपप्रधानमन्त्री बाँढेको कुरामा शंका छैन । उपप्रधानमन्त्री धेरै बनाउने अभ्यास यसअघि पनि नभएका होइनन् । २०७२ सालमा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीको सरकारमा ६ जनासम्म उपप्रधानमन्त्री बनाइएको थियो । तर, त्यतिबेला मन्त्रीहरूको संख्या पनि ठूलो हुन्थ्यो । किनकी अहिलेको जस्तो २५ जनाको सीमा त्यतिबेला लागू भएको थिएन ।

उपप्रधानमन्त्री भनेको आवश्यक नै नभएको पद हो । तर एक जना उपप्रधानमन्त्रीका लागि राज्यको ढुकुटीबाट वार्षिक करोडौँ रुपैयाँ थप खर्च हुन्छ । मन्त्रिपरिषद्मा दलित तथा सीमान्तकृत वर्गको प्रतिनिधित्व हुन नसक्नु र उपप्रधानमन्त्रीको ताँती लाग्नु भनेको लज्जाको विषय हो । धेरै उपप्रधानमन्त्री बनाएर आफ्नो उचाइ बढाउनका लागि प्रचण्डले उपप्रधानमन्त्रीको संख्या यति ठूलो बनाएका होइनन् । जनसंख्याको १२ प्रतिशत हिस्सा ओगटेको दलित समुदायको प्रतिनिधित्व शून्य हुँदै गर्दा उपप्रधानमन्त्रीको संख्या यति ठूलो हुनु भनेको सामान्य लज्जाको विषय होइन । मुलुकको राजनीतिलाई यतिसम्म लज्जाजनक अवस्थामा पुऱ्याउनुमा रवि लामिछाने नेतृत्वको नवोदित राष्ट्रिय स्वतन्त्र पार्टीको पनि अहं भूमिका देखिनु अर्को विडम्वना हो । विकृति विसंगतिविरुद्ध जुध्लान् भन्ने अपेक्षाका साथ लामिछाने तथा उनको पार्टीलाई जनताले मत हालेका हुन् । २०७४ सालको आमनिर्वाचन अघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो क्याबिनेटमा उपप्रधानमन्त्रीहरूको संख्या १२ प्रतिशत पुऱ्याउँदा पत्रकारका रूपमा लामिछानेले जनताको मन छुने टिप्पणी गरेका थिए । उनको भनाइ थियो, 'गरिब जनताले जम्मा गरेको राज्यको ढुकुटी यसरी स्वाहा बनाउनेहरूलाई टुँडिखेलमा उल्टो झुण्ड्याएर, तीन फन्का घुमी नाके डाँडीमा दरोसँग किक हान्न मन लागेको छ ।' तर, सत्ताको लोभमा लामिछानेले पनि मुलुकलाई विकृति र विसंगतिको भूँमरीमा धसाउन कुनै कसर बाँकी राखेनन् ।

# नेपाल र बेलायतको सम्बन्ध र समाजवाद



सरोजदिलु

बेलायतमा एकपल्ट मन्त्री, प्रधानमन्त्री भइसकेर वा कुनै सार्वजनिक पद धारण गरेर छाडेपछि त्यो सामान्य मानिस नै हुन्छ । नेपालमा जस्तो आजीवन राजा–महाराजा हुने, देश टाट् पल्टिने गरी सेवासुविधा लिइरहँदैनन् । नागरिकले थुक्छन्, सुविधा लिनेलाई नै लाज लाग्छ रे !

खासगरी भारतमा रहेका ब्रिटिस कम्पनीहरूसँग सन् १८१६ मा सुगौली सन्धी भएपछि सन् १९२३ मा नेपाल र बेलायतबीच दौत्यसम्बन्ध स्थापित भयो । त्यहीँबाट नेपाललाई एउटा स्वतन्त्र राष्ट्र हो भनेर बेलायतले मान्दै आएको छ, जुन सम्बन्धले सय वर्ष पार गरिसकेको छ । अझ जंगबहादुर राणा बेलायत गएदेखि नेपालीहरू निरन्तररूपमा बेलायतको एकहिस्सा भएर बस्दै आएका छन् । झन् सन् १९८२ मा फकल्यान्डको युद्धमा अर्जेन्टाइन सेनालाई परास्त गर्न गोर्खा सेनाले ठूलो योगदान दिएको छ ।

बर्मा, ब्रुनाई, जापान, कोसोभो, इराक तथा वार्सा सेनाविरुद्ध बेलायती सेनामा रहेर लडेका छन् । नेपाली फौजको त्यो साहसी योगदानलाई सम्मान गर्दै बेलायती सेनामै गोर्खा ब्रिगेड राइफल (गण) स्थापित गरिएको छ । सन् २००४ तिर टोनी ब्लेअर प्रधानमन्त्री भएको बेला नेपालले आवासीय भिसा (आइएल्आर) स्वीकृत दिएपछि र अंग्रेजी सिनेमाकी हिरोइन जोहना लुम्वीले सन् २००८ मा ब्लेअरकै अगाडि गोर्खाली सेनाले बेलायतको अस्तित्व रक्षाका लागि ज्यान दिँदै आएको छ, त्यसैले दोस्रो विश्वयुद्ध बेलायती सेनामा रहेका सबै गोर्खाली सेनाका परिवारलाई बेलायती नागरिकसरह अधिकार दिनुपर्दछ भनेर आग्रह गरेपछि प्रधानमन्त्री ब्लेअरलेसन् १९४८ जनवरी १ देखि बसेका चार वर्ष सेनामा बिताएका सबै गोर्खाली सेनाहरूलाई बेलायतीसरह अधिकार दिइने घोषणा गरे । र, सन् २००८ पछि बेलायतमा बसेका सबै नेपालीले यहाँका नागरिकसरह जागीर खान थाले । त्यसपछि बेलायतले समेत त्यहाँ बस्ने नेपालीलाई आफ्नो एउटा हिस्साका रूपमा सम्मान गर्दै आएको छ । यसक्रममा हामीले साम्राज्यवादी मुलुक भनेता पनि नेपालीको लोकतन्त्र, स्वाभिमान, सार्वभौमता र सांस्कृतिक विविधतालाई सम्मान गर्ने तथा सबैभन्दा ठूलो आर्थिक सहयोग गर्ने बेलायत मात्र एक देश हो ।

प्रवासी नेपाली मञ्चको सन् २०१९ सम्मको तथ्यांकलाई हेर्ने हो भने ७६ हजार नेपालीहरू बेलायतमा बसोबास गर्छन् । करिब ३ हजार ७ सय नेपाली बेलयाती सेनामा कार्यरत छन् । विद्यार्थीहरू विदेश पढ्न आउन थालेपछि अहिले आएर त्यो संख्या ९० हजार पुगेको अनुमान गर्न सकिन्छ । दुई पुस्ता यहीँ बिताएर यहीँ जन्मेका मानिसहरूलाई जोड्ने हो करिब दुई लाख नेपालीहरू बेलायतमा रहेको मान्न सकिन्छ । यसमध्येका ६० प्रतिशत यहीँको नागरिक भइसकेका छन् । यी बाहेकका नेपालीहरू मध्ये ३५ प्रतिशत विभिन्न होटलहरूमा, १५ प्रतिशत होलसेल मार्केटमा, १५ प्रतिशतका उत्पादन कम्पनीहरूमा, १० प्रतिशतजति नर्सिङ क्षेत्रमा र १५ प्रतिशत विद्यार्थी र बालबालिका रहेको अनुमान गरिएको छ ।

लन्डनवपिरपरि नै मुख्यगरी नेपालीहरू बसोबास गर्ने गर्दछन् । यस वरपर फानब्रो, एल्डरसट्, एन्डोभर, केन्ट, रिडिङ्तिर नेपालीहरूका घर छन् । त्यसपछि बर्मिङ्घम्, पोर्ट्स्माउथ, कोभेन्ट्री, नदर्नआएरल्यान्ड, स्कटल्यान्ड र वैल्ससम्म नेपालीहरू प्रशस्त रहेका छन् । एम्पाएर हल वरपर त नेपालीहरूकै बजार छ । नेपालीहरूले ठमेल, थकाली लगायतका नाम गरी रेस्टुरेन्ट व्यवसाय चलाइरहेका छन् । बेलायती सरकारले रक्षा मन्त्रालयकै अगाडि गोर्खा सोल्जर भनेर वीर गोर्खाली सेनाको प्रतिमूर्ति स्थापित गरी नेपाल र नेपालीको सम्मान गरेको प्रष्ट देखिन्छ । यसैगरी एम्पाएरगेटकै हरियाली पार्कमा नेपाली सेनाले अर्को घाइते बेलायती सेनालाई बोकेर शत्रुविरुद्ध लड्दै गरेको नेपाली सेनाको बहादुरी झल्काउने सेनानी कुलवीर थापाको शालिक स्थापना गरिएको छ । त्यो शालिकले समेत नेपाल र बेलायतको गहिरो मित्रताको परिचय दिन्छ । त्यसकै छेउमा नेपाली कार्यक्रम भइरहने दुई वटा ठुल्ठूला सभाकक्षहरूसमेत छन् । र, नेपालका कलाकार, सामाजिक अभियन्ता तथा नेताहरू आएर बस्ने र कार्यक्रम गर्ने क्षेत्र पनि यहाँ नै हो । एल्डरसटमा हप्तैपिच्छे नेपाली कार्यक्रमहरू हुने गर्दछ । यसै प्रसंगमा मार्च ३ तारिक एनआरएन बेलायतले ११४औं अन्तर्राष्ट्रिय महिला दिवशको सन्दर्भमा एउटा कार्यक्रमसमेत राखेको थियो । कार्यक्रमस्थलमा पुग्दा बाटोभरी धेरै नेपालीहरू भेटिए । बालबालिका युवादेखि अनुहार चाउरिएका वृद्ध आमाबुबाहरू बाटोभरी मुस्कुराइरहेका थिए । नेपालीहरू लवाइखुवाई, भेषभुषा, बोलिचाली, स्वागत-संस्कार र भेटघाटले म नेपालकै कुनै बजारमा छु जस्तै लाग्थ्यो । चाउरी परेका आमाबुबाहरूको हँसिलो मुस्कान, सारीचोलो र सिन्दूरपोते लगाएका दिदीबहिनीहरूलाई देख्दा म नेपालको कुनै गाउमा पुगेझैं अनुभूति हुन्थ्यो । तर, यो नेपालको भूमि थिएन । तैपनि म कल्पना गर्दछु- यी सबै अनुहारहरू, यी सुन्दर, सफा सडकहरू र यो नेपाली मन नेपालमै भइदिए कस्तो हुन्थ्यो होला ।

नचिनेसम्म को हो-को हो, चिनेपछि माया-मोह ! एनआरएनका प्रमुख सल्लाहकार शेरबहादुर दाइले नेपालीसँग भेटघाट गर्ने यो सुनौलो मौका जुराइदिनुभयो । अनि गीतसंगीत र शुभकामना मन्तब्यसँगै महिला दिवसको अन्तर्क्रिया सुरु भयो । एनआरएन बेलायतमा रहेका नेताहरू, संयोजक डेबिड गुरुङ, अबको चुनावमा एनआरएनका अध्यक्ष हुने घोषणा गर्ने थर्क सेन लगायतले महिलाको सामाजिक-सांस्कृतिक भूमिका र उनीहरूमाथि भएको असमानता र नेपालीको गर्विलो पहिचानका विषयमा बोल्नुभयो । मैले पनि शुभकामना दिएँ । शुभकामनापछि मेरो बारेमा सोधीखोजी, चासो र स्वागत सत्कार अझै बढ्यो । बलिया नेपाली हातहरूसँग हात मिलाउँदै र कमला मनहरूसँग नेपाली भावना साट्दै खाइयो, पिइयो ।

अझ गर्विलो कुरा त सपना रोक्का मगरसँग भेट भयो । नेपालमा भेटेको थिइनँ । नेपालमै उनलाई भेटेर केही कुरा गरौँ, केही लेखौँ भनेर सोचिरहेको थिएँ । उनी त्यो साहसिक र समाजसेवी युवती हुन् जसले आर्यघाटमा सयौँ बेवारिसे लासहरू जलाइन् । आफ्नै आमाले प्लास्टिकमा पोको पारेर फालेका, घर बिचल्ली भएर पशुपतिमा बस्दै देह त्याग गरेका वा आफन्त कोही नभएर पशुपति पुऱ्याई छाडिएका धेरै मृत्युहरूलाई उनले आफ्नै हातले दागबत्ती दिएकी छन् । ती छोरीलाई भेट्दा निक्कै खुसी लाग्यो ।

नागरिकहरू समेत देश र सरकारप्रति इमानदार र अनुशासित भए मात्र देश बन्नमा सहयोग पुग्छ । बेलायतीहरू अनुशासित छन्, आफ्नो दायित्वप्रति सचेत छन्, सचेत हुन नेपालीलाई पनि सिकाएका छन् । चर्को बोल्नु हुँदैन, झुटो बोल्नु हुँदैन, देशप्रति बेइमानी गर्नु हुन्न, आफू बाहेक अरूको समेत अधिकारको सम्मान हुनुपर्दछ भन्ने सोच सबैमा छ । मानिसले मानिसलाई गर्ने आदर-सम्मान साह्रै सभ्य छ । सानो होस् या ठूलो मानिस, बाथरुम जाँदा होस् या मार्केटको ढोक छिर्दा वा बस ट्रेनमा पस्दा बाटो छोडिदिने, ढोका खोलिदिने, गाडी चलाउँदा होस् या बाटो क्रस गर्दा अरूलाई पहिलो प्राथमिकता दिने, पहिले अरूले सेवा लेओस् भन्ने बेलायतीहरूको आचरणलाई हामीले सिक्नैपर्ने हुन्छ । त्यसपछि बदलामा धन्यवाद दिने र मुस्कुराउने संस्कारले उनीहरू संसारमा शान्ति चाहन्छन् भन्ने स्पष्ट हुन्छ ।

सडकमा थुक्न मिल्दैन, कागजका टुक्रासमेत मिल्काउन पाइँदैन, खुल्ला स्थानमा पिसाब फेर्न पाइन्न । थुके वा फोहोर फाले ८० पाउन्ड र पिसाब गरे पाँच सय पाउन्ड जरिवाना लाग्छ । त्यस्तो जरिवानाले नै मानिसलाई सभ्य बनाएको छ । मेरो सरकार छ भन्नेमा सबैलाई गर्व छ । सामान्य कुरामा कसैमा असन्तुष्टी छैन । सडकमा मुर्दावाद र जिन्दावाद छैन । बेलायतमा मिहिनेत गर्नेहरू सबैलाई ठाउँ छ, कसैको सोसैफोर्स लाउनै पर्दैन नत 'ए भगवान, मलाई यो चाहिँ पुऱ्याइदेऊ परमेश्वर !' भनेर मन्दिर गएर पूजा गर्नु पर्दछ । बरु सीप र समयलाई बढो ख्याल गरिरहेका हुन्छन् । सीप नभएका वा पेसा बदल्न चाहनेका लागि प्राविधिक विद्यालय र कलेजहरू छन्, जहाँ युवादेखि प्रौढहरूले एक महिनेदेखि १० महिनासम्मका छोटा कोर्षहरू पढ्न पाउँछन् ।

जागिर खोजिरहेका युवाका लागि सरकारले नै जब्स्डट्कम भन्ने एप बनाइदिएको छ । त्यहाँ फारम भरेपछि तीन महिनाभित्रमा सरकारले जागिरका लागि मध्यस्थकरण गरिदिन्छ, त्यो भएन भने आधारभूत जीवन जिउने आर्थिक सुविधा दिन्छ । सर्वसाधारणलाई काउन्सिल हाउसमा घर दिन्छ, घर नहुनेलाई कोठामा बस्ने आर्थिक सुविधा दिन्छ । सरकारले नागरिकलाई सूचनाको सुविधा प्रशस्त दिएको छ । जतातत्तै इन्टरनेटको सुविधा छ । इन्टरनेटका आधारमा मानिसको दैनिक जीवन चल्दछ । किनकी सूचना नै बेलायतको समृद्धिको आधार हो । सरकारले यसरी नेपाली नागरिकको समेत खुसी, शान्ति, सुरक्षाको जिम्मा लिएको छ । अनुशासित भएर ढुक्कले बस्ने कमाउने र जीवन जिउन पाउने समृद्धिको आधार तय गरिदिएको छ । हामीले नेपालमा बुझेजस्तो बेलायतीहरू घमन्डी, क्रुर, हिंस्रक पक्कै छैनन् । बरु दयालु भेटिन्छन्, बरु रिसाएका मानिसहरूलाई खुसी दिन कोसिस गरिरहेका हुन्छन् । दोस्रो मानिसलाई अझ प्रोत्साहन दिइरहनु उनीहरूको धर्म हो । उनीहरूको संस्कारले विश्वमा मानवीय शान्ति निर्माण गर्ने सन्देश दिइरहेको छ । हामीले बुझेको गोराहरू यौनमा छाडा हुन्छन्, धेरैसँग सम्बन्ध राख्छन् भन्ने थियो । तर, हाम्रो बुझाइ गलत रहेछ । उनीहरू पनि १८ वर्षअगाडि सकेसम्म यौनसम्बन्ध राख्दैनन् । उनीहरूमा विवाह गरेर एउटै पुरुष वा महिलासँग जीवन कटोस् भन्ने चाहना हुन्छ । ब्वाइफ्रेन्ड-गर्लफ्रेन्ड भइसकेपछि वा विवाह गरेपछि त्यो भन्दा दायाँबायाँ गर्नु अधर्म र अनैतिक नै हुन्छ भन्ने ठान्छन् । अझ परिष्कृत कुरा यो छ - विवाह गरेपछि महिलाले पुरुषलाई मात्र आर्थिक बोझ लगाउँदैनन्, पुरुषले पनि घरका सबै काममा सहयोग गर्दा रहेछन् । यसरी हेर्दा नेपाली समाज र संस्कृतिसँग उनीहरूको सोच र संस्कृति करिबकरिब मिल्दछ ।

ट्रेनको सिटबाट मैले वरपर नियालेँ - पूर्वी एसियाका जस्ता अग्ला घरहरू कतै देखिएन, त्यस्तो भीडसमेत छैन । बढीमा तीन तलामा शिखर शैलीका पुराना घरहरू । झुरुप्प परेका बस्तीहरू । झिंगटी र टायलका छानाहरू । प्रायः सबै घरहरू काठैले बनेका छन् । घर बनाउँदा १० देखि १५ प्रतिशत मात्र सिमेन्ट प्रयोग हुन्छ । घरमा कंक्रिट र रड त प्रयोग नै हुन्न भने पनि हुन्छ । चिसोमा तातो हुने र तातोमा चिसो हुने प्रवृत्तिको ब्लक र त्यसलाई जोडेर नेपाली शैलीकै घर बनाइन्छ । यही नै हो बेलायतको सभ्यता र संस्कृति, जसले हजार वर्षदेखिको बेलायतको परिचय दिइरहेको छ । र, नयाँपुस्तालाई समेत उही शैली र संस्कृतिका आधुनिक सुविधाका घरहरू बनाउन प्रेरित गरिरहेको छ । भित्र जेसुकै सुविधा भए पनि बाहिर भने पुरानै बेलायती संस्कृतिभन्दा एक इन्च पनि भौतिक संरचना फेरबदल गर्न पाइँदैन । किनकी बाहिरिया देखावटीले समाजमा देखासिखी बढ्छ, त्यस्तो देखासेखीले मानिसमा रिसराग, मोह, इगो र मनोमालिन्यता बढ्छ भन्नेमा सरकार सचेत छ ।

बेलायतमा एकपल्ट मन्त्री, प्रधानमन्त्री भइसकेर वा कुनै सार्वजनिक पद धारण गरेर छाडेपछि त्यो सामान्य मानिस नै हुन्छ, । नेपालमा जस्तो आजीवन राजा-महाराजा हुने, देश टाट पल्टिने गरी सेवासुविधा लिइरहँदैनन् । नागरिकले थुक्छन्, सुविधा लिनेलाई नै लाज लाग्छ रे ! अन्ततः अनुशासन, देशप्रतिको समर्पण, एकरूपता, समानता, शान्ति र शान्तिभित्र समुन्नति । यही नै त हो समाजवाद । त्यो समाजवाद बेलायतमा छ ।

# हुति देखाउन नसकेपछि गाली गरेर हुन्छ र ?



नारायण गाउँले

संख्यामा सानो होला, तर देशका ठूलासाना सबै दललाई 'रियलाइजेसन' मा पुऱ्याउने र इख नराखी अलिअलि बाँडेर दिने माओवादी सानो होइन । र, यतिबेला कांग्रेस एमालेजस्तै हाम्रो 'रियलाइजेसन' पनि के हो भने, तीन जनामध्ये प्रधानमन्त्रीका लागि उपयुक्त पात्र प्रचण्ड नै हुन् । १७ हजार त सत्ता बाहिर हुनेबित्तिकै मुखमा आइहाल्ने एउटा अर्थहीन थेगो मात्रै हो दलहरूको । आफ्नो काँध खाली हुँदा चिलाउनु स्वभाविक हो । कन्याएर आफैँले आनन्द लिनका लागि हो १७ हजारको प्रसंग कोट्याउने । हिजो एमाले र रास्वपाले कन्याए, अब केही महिना कांग्रेसले कन्याउँछ

कांग्रेस र एमाले दुई ठूला शक्ति थिए, स्ट्राइकर थिए । आज गोटी बन्न पाउँदा निकै हर्षित देखिन्छन् । औचित्य र अस्तित्व दुबै सिद्धियो भनेका माओवादीसँग ती दुई दलको कुनै स्पर्धा छैन । माओवादीको एक तहमुनि को बस्ने भन्ने स्पर्धा हो कांग्रेस र एमालेको । तिनको दुःख, खुसी, हार या जीत भनेको काँध बन्न पाउनु र नपाउनुमा हो ।

रोचक त के छ भने आफ्नै काँधको निर्णय पनि तिनको आफ्नो हातमा छैन । थाप्छु भन्नेबित्तिकै पनि पाइन्न । कुर्नुपर्छ । प्रचण्डले दिए, एमालेले सभामुख पायो । कांग्रेसले 'रियलाइज' गऱ्यो, राष्ट्रपति पायो । फेरि एमालेले रियलाइज गऱ्यो, केही मुख्यमन्त्री पाउने भो । भोलि कांग्रेसले फेरि रियलाइज गर्ला र बाँकी बचेको केही पाउला । रियलाइजेसन भनेको आफ्नो हैसियत र स्तरको पहिचान न हो ।

संख्यामा सानो होला, तर देशका ठूला साना सबै दललाई 'रियलाइजेसन' मा पुऱ्याउने र इख नराखी अलिअलि बाँडेर दिने माओवादी सानो होइन । र, यतिबेला कांग्रेस एमालेजस्तै हाम्रो 'रियलाइजेसन' पनि के हो भने, तीन जनामध्ये प्रधानमन्त्रीका लागि उपयुक्त पात्र प्रचण्ड नै हुन् । १७ हजार त सत्ता बाहिर हुनेबित्तिकै मुखमा आइहाल्ने एउटा अर्थहीन थेगो मात्रै हो दलहरूको । आफ्नो काँध खाली हुँदा चिलाउनु स्वभाविक हो । कन्याएर आफैँले आनन्द लिनका लागि हो १७ हजारको प्रसंग कोट्याउने । हिजो एमाले र रास्वपाले कन्याए, अब केही महिना कांग्रेसले कन्याउँछ ।

के बुझौँ भने एक्लै कसैले केही खेल्न सक्दैन । अरू पनि सहभागी भएकाले नै त खेल बन्ने हो । अरूले पनि खेलेकै हुन्, खेल्छन् । प्रचण्डले अलि बढी खेले होलान्, यत्ति हो । नागरिकको रूपमा, हिंसात्मक विगत, अस्थिर राजनीतिक चरित्र, ठोस आदर्श र अडानको अभावजस्ता कुरा बिर्सिने हो भने प्रचण्डको प्रधानमन्त्रित्व बाँकीभन्दा खराब छैन । प्रतिपक्षका कुरा सुन्छन्, स्पेस दिन खोज्छन् । संसद्मा जाँदै नजाने या एक वर्षमा जाने र दुई घण्टा 'सम्बोधन' गर्नेजस्तो परम्परा थियो, उनले तोडेका छन् । आफैँ उपस्थित हुन्छन्, प्रश्नहरू सुन्छन्, जवाफ दिन्छन् । आक्रोश सुन्छन् र नम्र भएर जवाफ दिन्छन् । एक पैसा काम गरेर एक मोहोरको गफ गर्दैनन्, गर्न सकिएको छैन भन्ने 'रियलाइज' गर्छन्, माफी माग्छन् । भ्रष्टाचारका यत्ति धेरै फाइल खुलेको र ठूला माछासम्म पुगेको पनि उनको अडानले नै हुनुपर्छ । निर्मूल त कसले गर्न सक्छ र ! सबैभन्दा ठूलो कुरा, आफू अलग हुनेबित्तिकै शब्दकोश नै रित्तिने गरी दुर्वचन र गाली गर्दैनन् ।

मिसन ८४ पछि कसको के हुन्छ, यसै भन्न सकिन्न । पार्टी सदस्यले त यता र उता हुँदा के भन्ने भन्ने पहिल्यै घोकेका हुन्छन्, अरूले चाहिँ तिनकै पछि लाग्नु किन ? कामको आधारमा, गुणदोषको आधारमा टिप्पणी गर्ने हो । अबको तीन-चार वर्ष उनै प्रधानमन्त्री हुन् भने उनी असफल हुनु भनेको देश नै असफल हुनुजस्तै हो ।

कांग्रेस र एमालेले अस्थिरता र 'राजनीतिक वेश्यावृत्ति'को दोष जति सबै प्रचण्डलाई दिएको देखिन्छ । तर यो वृत्तिमा खेल्ने मूल प्रवृत्ति त तिनकै हो । एक्लै त त्यस्तो वृत्ति हुँदैन । सरकार बनाउने ठेक्का प्रचण्डको मात्रै त होइन । अरूले हुति देखाउन नसकेपछि गाली गरेर हुन्छ र ? प्रचण्डबिना पनि त सजिलै सरकार बन्न सक्छ । खोइ त ?

कांग्रेस संसद्को सबैभन्दा ठूलो दल हो । सबैभन्दा ठूलो दलबिना नै सरकार बन्न सक्छ भने उसले प्रचण्ड बाहेकको सरकार बनाउन सक्दैन ? घुसघुसे देउबा र एकआपसमा झगडा गरेर आफ्नो भूमिका देखाउने त थुप्रै छन् तर 'डिल मेकिङ' क्षमता भएका नेता छैनन् । अघिल्लो गठबन्धन पनि कांग्रेसले होइन, माओवादीले चाहेर बनेको हो । भोलि फेरि बन्यो भने पनि त्यो अरूकै चाहले बन्ने हो ।

एमाले दोस्रो ठूलो शक्ति हो । पाएको मत र कार्यकर्ता बेस हेर्ने हो भने यो कांग्रेसभन्दा सानो दल होइन । पहिलो दलले नसकेपछि स्वभाविक रूपमा नेतृत्व गर्ने र डिल गर्ने हक उसको हो । च्याँखे थापेर एक-दुई सिक्का जित्नुमा ऊ पनि रमाएकै छ । सानो माओवादीले एमालेबिना सरकार बनाउन सक्छ भने ठूलो एमालेले नसक्ने भन्ने हुन्छ र ? दुई ठूला दलले मिलेर निकास दिएको भए पनि माओवादीले रोकेको थियो र ? आलोपालो प्रधानमन्त्री बन्न तिनले पनि सक्दा हुन् ।

आफू पंगु नै भएको हो र हात उठाएको हो भने जनमत स्पष्ट रूपमा रास्वपासँग थियो । यत्ति सबैले बुझेका थिए । साइजमा माओवादी र रास्वपा उत्रै थिए । जनमतप्रति त्यति धेरै सम्मान हो भने बारम्बार प्रचण्डलाई प्रधानमन्त्री बनाउनुको साटो एकपल्ट रास्वपालाई दिएको भए के जान्थ्यो ? राप्रपाजस्तो सैद्धान्तिक रूपमा यो व्यवस्था विरोधी पनि थिएन रास्वपा । दुबैसँग मिल्दोजुल्दो नै थियो ।

माओवादीसँग जनमत छैन भन्ने, हाम्रै काँध चढेर यो साइजमा पुगेको हो भन्ने अनि उसको ओत नलागी उभिनसमेत नसक्ने काँतर र अक्षमहरूले प्रचण्डलाई दोष दिनु कत्ति पनि तर्कसंगत छैन । माओवादीबिना सरकार नबन्ने स्थिति भएको र त्यसको फाइदा उठाएर प्रचण्डले अस्थिरता निम्त्याइरहेको भए पो । आफ्नो नालायकीको फाइदा उठाएकोमा त लाज मान्नु र चुप बस्नु नि । आफ्नै भाषामा जनमत नभएको दललाई काँधमा बोकेर पालैपालो सत्तामा लैजानु जनताप्रति धोका होइन ? धोकेबाज तिमी कि प्रचण्ड ?





सौर्य दैनिक
मधेस




# व्यापार घट्दा वीरगञ्जका व्यापारी चिन्तित

# व्यापारमा ७० प्रतिशतसम्म कमी

■ आरके श्रीवास्तव



रौतहट । देशको आर्थिक नगरीको रूपमा परिचित वीरगञ्जका व्यवसायीहरूले व्यापार थलिँदै गएकोमा चिन्ता व्यक्त गरेका छन् । वीरगञ्जमा हुने सबै किसिमको व्यापार अपेक्षाभन्दा निकै घटेकोले व्यावसायीहरू चिन्तित देखिएका हुन् । वीरगञ्जका न्यु राम फर्निचरका सञ्चालक रामले ५० प्रतिशतभन्दा बढीले व्यापार घटेको बताएका छन् । उनले भने, 'अहिले विवाहको लगनको समयमा त व्यापारको यस्तो हालत छ त्यसमाथि पहिलेको तुलनामा स्तरीय फर्निचर सामानको माग त झन् घटेको छ ।'

वीरगञ्जको मुटु भनेर चिनिने घन्टाघरमा 'महावीर प्रसाद शर्मा कपडा पसल'का सञ्चालक रंजित शर्माले अहिले व्यापार २५ प्रतिशतमा झरेको दाबी गरेका छन् । 'कोरोना कालपछि व्यापारले लय समात्न थालेको थियो । कम्तीमा ७० प्रतिशत व्यापार हुन थालेकोमा अहिले लगनको समयमा आएर २५ प्रतिशतमा सीमित भएको छ', शर्माले भने, 'खुला सिमानाका कारण छिमेकी भारतीय सहर रक्सौलमा ग्राहकहरू सामान किन्न जाने गरेका छन् । आफूहरूको व्यापार सुकेर आर्थिक मन्दीको अवस्थामा पुगेको छ ।'

फर्निचर र कपडाको मात्र नभई वीरगञ्जमा दैनिक उपभोग्य सामानको पनि व्यापार घटेको छ । वीरगञ्जको अलौमा रुपेश किराना पसल सञ्चालन गरेका विनय गुप्ता भन्छन्, 'अहिले व्यापार एकचौथाइमा सीमित भएको छ । व्यापार व्यवसाय चौपट भएको देख्दा आफू निकै चिन्तित भएको छु ।' ग्राहकले किन्ने क्षमता गुमाएको हो कि दैनिक उपभोग्य वस्तुको उपभोग नै कम गरेको हो ? उल्टै प्रश्न गर्दै गुप्ता भन्छन्, 'किराना व्यवसायीमा पनि निराशा आउनु आफैँमा समस्या भएको छ ।'

वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधवराज पालले गत वर्षको भन्दा वीरगञ्जको समग्र व्यापारमा ७० प्रतिशतले कमी आएको बताएका छन् । वीरगञ्ज र पर्सा क्षेत्रमा सञ्चालनमा रहेको उद्योग तथा व्यवसाय ३० देखि ३५ प्रतिशतको हाराहारीमा मात्र सञ्चालन भएको दाबी गरेका छन् । राष्ट्र बैंकको नीति तथा भन्सारको मूल्यांकन समेतको समस्याले गर्दा उद्योग तथा व्यापार निकै घटेको उपाध्यक्ष पालको भनाइ छ ।

हाउजिङको काममा आएको सुस्तता, सरकारले सञ्चालन गर्ने विकास निर्माणको काममा सुस्तता र सरकारले ठेकेदारको भुक्तानी समयमा नहुँदा बजार सुस्त बनेको उपाध्यक्ष पाल बताउँछन् । सरकारले ठेकेदारलाई रकम भुक्तानी गर्दा बजारमा ठूलो परिमाणमा रकम प्रवाह भई बजारमा केही सुधार आउने विश्वास पनि उपाध्यक्ष पालको रहेको छ । भन्सार मूल्यांकन पनि एउटा समस्याको रूपमा रहेको पाल दाबी गर्छन् ।

ग्राहकलाई सामान दिन भ्याइनभ्याइ हुनुपर्ने लगनको समयमा आर्थिक नगरीका अधिकांश व्यापारीहरू ग्राहकलाई कुरेर बसेका देखिन्छन् । पसलमा ग्राहकहरू पसे पनि मोलाइ गरेर फर्किनेको संख्या बढी भएको व्यवसायीहरूको भनाइ छ । लगातार व्यापार खस्किइरहँदा आर्थिक नगरीमा निराशा देखिएको छ ।

## सिलीचोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**ताम्कु, संखुवासभा**

**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०/११/२४ गते**

यस सिलीचोङ गाउँपालिकाद्वारा मिति २०८० पुस १३ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारीस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबुल गरिएको रकम (भ्याट+पी.एस. आईटम समेत) |
|---|---|---|---|---|
| १ | NCB-SRM-BB-1-080/81 | बेली ब्रीज निर्माण (संघ तथा प्रदेश निर्वाचन क्षेत्र बिकास कोष साझेदारी) | श्री ममता इन्टरप्राइजेज एण्ड कन्ट्रक्सन प्रा.ली., लोकन्थली, भक्तपुर । | रु.४,१९,१०८३१।८६ |

**प्रमुख प्रशासकीय अधिकृत**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| S.N. | Particulars | Types | Brand | Model | Capacity | Manufacture Country | Unit | Per Unit Price (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BUS COSMO 2815 26ST SKL EXP NON ABS PS BS3 | 2WD-Diesel | SML Isuzu | COSMO BUS | 3455CC | India | 1 | 36,96,000/- |

SML ISUZU | LAXMI COMMERCIAL VEHICLES PVT. LTD.
Authorized Distributor of SML ISUZU for Nepal

LAXMI COMMERCIAL VEHICLES PVT. LTD.
Naxal, Kathmandu

PAN: 301979245
Tel.: 01-4544107, 4540106

# मिथिला मध्यमा परिक्रमा

# पडावस्थलहरूमा मांस मदिरा निषेध



■ कुलदीप दास

जनकपुरधाम । मिथिला मध्यमा परिक्रमाको पडावस्थलहरूमा दुई दिन मांस मदिरा विक्रीवितरण प्रतिबन्ध हुने भएको छ । परिक्रमामा डिजे बाजामा धार्मिक गीतबाहेक अन्य गीत बजाउन नपाउने लगायतका आठ बुँदे निर्णय जिल्ला प्रशासन कार्यालय धनुषाले गरेको छ ।

'परिक्रमा क्षेत्रमा परापूर्वकालदेखि चलिआएको परिक्रमा पर्वलाई व्यवस्थित गर्न/गराउनका लागि प्रत्येक पडावस्थलमा पवित्र डोला विश्राम हुने भएकाले पडावस्थलहरू र सोको एक किमी वरपरको क्षेत्रमा २४ घण्टा अगावैदेखि ४८ घण्टाका लागि माछामासु बेचबिखन पशुपंक्षी काटमार र मदिरा बिक्री वितरण तथा सेवन गर्न निषेध गर्ने' बुधबार बसेको सुरक्षा निकायसहितको बैठकले गरेको निर्णयमा उल्लेख छ ।

परिक्रमाको क्रममा चर्को आवाजमा धार्मिक बाहेकका गीतहरू डिजे बजाउन निषेध गर्ने लगायतको निर्णय भएको धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले बताए ।

परिक्रमा मार्गमा पर्ने स्थानीय पालिकाहरूलाई समन्वय गरी स्वास्थ्य, विद्युत्, खानेपानी टेलिकम, सड़क, ट्राफिकलगायत व्यवस्थापन गर्ने, सहभागी डोलाहरू निर्धारित स्थान र समयबाट प्रस्थान भइसकेपछि परिक्रमा मार्गमा विगतदेखि चलिआएको परम्पराअनुसार व्यवस्था मिलाउन जनकपुरधाम क्षेत्र विकास परिषद्ले समन्वय गर्ने, परिक्रमा अवधिभर सुरक्षा निकायबाट समन्वयात्मक रूपमा सुरक्षा योजना बनाई भरपर्दो सुरक्षा व्यवस्था मिलाउने लगायतको निर्णय गरिएको छ । परिषद्ले परिक्रमा व्यवस्थापनका लागि सम्बन्धित पक्षको बैठक बोलाएर थप निर्णय गर्ने लगायतको आठ बुँदे निर्णय भएको प्रजिअ पाण्डले बताए ।

विश्वकै ठूलो पद यात्रा आगामी २७ फागुनदेखि धनुषाको मिथिला बिहारी नगरपालिका कचुरीबाट सुरु हुने तयारी छ । फागुने औंशीदेखि पूर्णिमासम्म चल्ने परिक्रमामा धनुषा, महोत्तरी र भारत विहारका दर्जनौं धार्मिक ऐतिहासिक ठाउँहरूको ९० किलोमिटर र छिमेकी मुलुक भारतको ३० किलोमिटर गरी जम्मा १ सय २० किलोमिटर भू-भागको यात्रा गरिन्छ । जसमा हजारौं श्रद्धालु भाग लिने गर्दछन् ।

१५ दिने परिक्रमाअन्तर्गत क्रमश: जनकपुरको हनुमान नगर, विहारको कलनास्थित कल्यानेश्वर, भारतकै फुलहरस्थित गिरिजा स्थान, महोत्तरीको मठिहानी, जलेश्वर, मडैई, धुव्रकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, सतोखर, औरही, करुण(भारत), विसौल(भारत) र यात्राको अन्तिम दिन अर्थात १५औं दिन जनकपुरधामको अन्तरगृह परिक्रमा गरी मध्य परिक्रमा सम्पन्न हुने गर्दछ । नेपाल-भारत बीचको सदियौंदेखि रहिआएको मधुर सम्बन्धलाई अझ प्रगाढ बनाउन परिक्रमाले सेतुको भूमिका खेलेको छ ।

## Invitation for Bids

**Government of Nepal**

## Pokhariya Municipality

**Invitation for Bids No: 02/M/Pokhariya/NCB/W/080-081**

**Date of publication: 2081-11-24**

1. ***Pokhariya Municipality*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Black Top and RCC Road, Drain Construction** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***14,609,273.81 inclusive VAT.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Pokhariya Municipality office, Pokhariya-4, Parsa*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost Rs. 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Agriculture Development Bank Ltd. Pokhariya Branch**
   **Name of Office: Pokhariya Municipality office, parsa**
   **Office Account no.: 0507201189857125**
   **Account Name: Pokhariya municipality antrik rajaswa khata ga1.1**
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office ***of Pokhariya Municipality, Pokhariya-4*** by hand/courier or through PPMO website www.bolpatra.gov.np/egpon or before ***12.00*** on ***2080-12-23***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14.00 and 2080-12-23*** at the office of ***Pokhariya municipality office***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of ***3,50,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# अमेरिकाबाट आयो आशिकी

■ सौर्य समाचार

काठमाडौं । लामो समयदेखि अमेरिका बस्दै आएका अभिनेता दिलकृष्ण श्रेष्ठको निर्देशन रहेको हिन्दी गीत 'आशिकी' को भिडियो सार्वजनिक भएको छ। भानु सिङ्गल र कमला रसैलीको स्वर रहेको गीतमा संगीत अर्जुन पोखरेल, छायांकन पेमामान तामाङ, सम्पादन साहित खानको रहेको छ। अमेरिकाका विभिन्न स्थानमा खिचिएको भिडियोमा प्रज्वल गीरी, राजश्री श्रेष्ठ, सुरेन्द्र सञ्जेल र अमित शर्मा रेग्मीको अभिनय छ।


## शिलवन्दी बोलपत्रद्वारा काठ लिलाम बिक्रीको २१ दिने सूचना

**दोस्रोपटक प्रकाशित मिति: २०८०/११/२१**

श्री पुरैना सा.व.उ.स. भजनी न.पा. ७, कैलालीको सामुदायिक वन क्षेत्रबाट यस सा.व.उ.स.ले आर्थिक वर्ष २०७८/०७९ मा नियमानुसार संकलन गरी आन्तरिक खपत पश्चात बाँकि रहेको काठ आर्थिक वर्ष २०८०/०८१ मा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बढाबढबाट बिक्री वितरणको लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएकोले रित पुरा भएका इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित मितिले २१ दिनभित्र खरिद गरी २२ औं दिन दिनको २:०० बजे भित्र नियमानुसार समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको लागि समूहको कार्यालय वा सम्बन्धित निकायमा वा टेलिफोन नं ९८१५६१५६३१ मा सम्पर्क गर्नहुन जानकारी गराइन्छ।

| क.स. | जात/ग्रेड | ए | | बी | | सी | | डी | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | गो.स. | क्यू.फि. | |
| १. | साल | १४ | ३५३.०२ | ९ | १२३.२७ | ४ | २०.७८ | ० | ० | २७ | ४९७.०७ | |
| | जम्मा | १४ | ३५३.०२ | ९ | १२३.२७ | ४ | २०.७८ | ० | ० | २७ | ४९७.०७ | |

श्री पुरैना सामुदायिक वन उपभोक्ता समूह
भजनी न.पा.-७, कैलाली



## Malaysia मा रोजगार Local Assembly Sdn. Bhd.

पुन विज्ञापन। पुर्व स्वीकृती मिति: २०८०/०६/१७ चलानी नं.: ६०२०८६४७ LT No.: 293493

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory worker | 32 | काममा दक्ष | 1500 | ४१,९३५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।– कामदार आफैले | रु. ७००।– कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८० चैत १, २, ३, ४ र ५ गते (14, 15, 16, 17 & 18 Mar., 2024) यस प्रा. लि. को कार्यालय, धुम्बराहीमा हुनेछ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर,नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**KATHMANDU H.R. SOLUTION PVT.LTD.** Govt. Lic. No.: 1410/074/075
Dhumbarahi-9, Kathmandu, Ph. No : 01-4371271, 4371714, Fax: 4375136
Email : kathmanduhrsol@gmail.com, Web : www.kathmanduhr.com



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८० साल फागुन महिना २४ गते बिहीबार)

यस विकास बैंक लि.को तपसिलका शाखा कार्यालयहरुबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको सावाँ, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको सावाँ, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१. शाखा कार्यालय : उर्लाबारी शाखा** **कर्जा शिर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **सिता सप्लायर्स**
प्रोप्राइटर : सिता देवी घिमिरे
प्रा.फ.र.नं. : १६४९/१५५२६/११/१२
दर्ता मिति : २०७७/११/१२
स्थायी लेखा नं. : ६१५२७३०४४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापा
रजिष्टर्ड ठेगाना : झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ११

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **सिता देवी घिमिरे**<br>बाबुको नाम : अविकेशर घिमिरे<br>पतिको नाम : कुल प्रसाद सिवाकोटी<br>सुराको नाम : जय प्रसाद सिवाकोटी<br>स्थायी ठेगाना : झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ११<br>ना.प्र.नं : ४०४११२२०<br>जारी मिति र जिल्ला : २०६१/१२/२३, झापा | २. नाम : **कुल प्रसाद सिवाकोटी**<br>बाबुको नाम : जय प्रसाद सिवाकोटी<br>बाजेको नाम : रंग लाल सिवाकोटी<br>ठेगाना : झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ११<br>ना.प्र.नं :४०४११४१४५३<br>जारी मिति र जिल्ला : २०५८/०६/०३, झापा |

**२. शाखा कार्यालय : बर्दिबास शाखा** **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **विनोद राय यादव**<br>बाबुको नाम : दशैं राय यादव<br>बाजेको नाम : मनियार राय यादव<br>स्थायी ठेगाना : महोत्तरी जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : महोत्तरी जिल्ला सोनमा गा.पा. वडा नं. ६<br>ना.प्र.नं. : ९१०९२०९४<br>जारी मिति र जिल्ला : २०४३/१०/१५, महोत्तरी | १. नाम : **संजु कुमारी**<br>बाबुको नाम : सौखी लाल यादव<br>पतिको नाम : विनोद राय यादव<br>ससुराको नाम : दशैं राय यादव<br>स्थायी ठेगाना : महोत्तरी जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : महोत्तरी जिल्ला सोनमा गा.पा. वडा नं. ६<br>ना.प्र.नं. : ९१०९३५५३<br>जारी मिति र जिल्ला : २०४५/०२/२७, महोत्तरी |

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| २. नाम : **प्रमोद कुमार यादव**<br>बाबुको नाम : विनोद राय यादव<br>बाजेको नाम : दशैं राय यादव<br>स्थायी ठेगाना : महोत्तरी जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : महोत्तरी जिल्ला सोनमा गा.पा. वडा नं. ६<br>ना.प्र.नं. : १८२०५३/१४०८<br>जारी मिति र जिल्ला : २०७३/०४/२०, महोत्तरी | ३. नाम : **श्याम कुमार यादव**<br>बाबुको नाम : विनोद राय यादव<br>बाजेको नाम : दशैं राय यादव<br>स्थायी ठेगाना : महोत्तरी जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : महोत्तरी जिल्ला सोनमा गा.पा. वडा नं. ६<br>ना.प्र.नं. : १८२०५३/१२३१<br>जारी मिति र जिल्ला : २०७०/११/०४, महोत्तरी |

**३. शाखा कार्यालय : थारमारे शाखा** **कर्जा शिर्षक : सरल व्यवसायिक कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **शान्ता किराना पसल**<br>प्रोप्राइटर : शान्ता भण्डारी बस्नेत<br>दर्ता नं. : ३०५९/०७९/०८०<br>दर्ता मिति : २०७९/०५/०८<br>स्थायी लेखा नं. : ६१४४९११९५<br>दर्ता गर्ने कार्यालय : उधोग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यान, कर्णाली प्रदेश<br>रजिष्टर्ड ठेगाना : सल्यान जिल्ला बागचौर न.पा.वडा नं. २ | १. नाम : **शान्ता भण्डारी बस्नेत**<br>बाबुको नाम : बल बहादुर भण्डारी<br>पतिको नाम : लोक बहादुर बस्नेत<br>ससुराको नाम : धव लाल बस्नेत<br>स्थायी ठेगाना : सल्यान जिल्ला बागचौर गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : सल्यान जिल्ला बागचौर न.पा. वडा नं. २<br>ना.प्र.नं. : ५५२०२३/६८६<br>जारी मिति र जिल्ला : २०७३/०१/२४, सल्यान |

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| २. नाम : **बल बहादुर भण्डारी**<br>बाबुको नाम : बिस राम भण्डारी<br>बाजेको नाम : नोख बहादुर भण्डारी<br>स्थायी ठेगाना : सल्यान जिल्ला थारमारे गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना : सल्यान जिल्ला बागचौर न.पा. वडा नं. ३<br>ना.प्र.नं. : ८१४२<br>जारी मिति र जिल्ला : २०५६/११/०४, सल्यान | ३. नाम : **बिरेन्द्र भण्डारी**<br>बाबुको नाम : बल बहादुर भण्डारी<br>बाजेको नाम : बिस राम भण्डारी<br>ठेगाना : सल्यान जिल्ला बागचौर न.पा. वडा नं. ३<br>ना.प्र.नं. : ५५-०२-७७-०१५९२<br>जारी मिति र जिल्ला : २०७७/१०/१९, सल्यान |
| ४. नाम : **खुमा कुमारी रेउले बस्नेत**<br>बाबुको नाम : थामलाल रेउले<br>पतिको नाम : गणेश बस्नेत<br>ससुराको नाम : धव लाल बस्नेत<br>स्थायी ठेगाना : सल्यान जिल्ला थारमारे गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : सल्यान जिल्ला बागचौर न.पा. वडा नं. २<br>ना.प्र.नं. : ५५-०१-७१-०३२९४<br>जारी मिति र जिल्ला : २०७१/०७/३०, सल्यान | ५. नाम : **लोक बहादुर बस्नेत**<br>बाबुको नाम : धव लाल बस्नेत<br>बाजेको नाम : नरबिर बस्नेत<br>स्थायी ठेगाना : सल्यान जिल्ला थारमारे गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : सल्यान जिल्ला बागचौर न.पा. वडा नं. २<br>ना.प्र.नं. : ५५-०१-७१-०४८१६<br>जारी मिति र जिल्ला : २०७१/१०/१५, सल्यान |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



# Miklajung Rural Municipality
## Office Of Rural Municipal Executive
### Madhumalla, Morang
### Koshi Province, Nepal

## Invitation for Bid

**First Notice: 24Th Falgun 2080 (7th March 2024)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following goods.

| S.N. | Contract Identification Number and description of works | Bid Security Amount NRs | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Estimated Amount without VAT |
|---|---|---|---|---|---|---|
| 1 | 8/MRMM/GOODS/SQ/080/81 (Supply of Fabricated Steel Parts and Transportation upto Road head of Mugu Trail Bridge) | 42,000 | 1000 | 12:00 noon 22nd March 2024 | SQ | 14,47,393.88 |

Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of **Miklajung Rural Municipality, Office of Rural Municipal Executive,** Madhumalla, Morang, during the office time.

**Chief Administrative Officer**



Government of Bagmati Province
Ministry of Health
## Health Logistics Management Center
Hetauda, Nepal

## Invitation for Bids

**Date of publication: 2080/11/24 BS (2024-03-07 AD)**

The Health Logistics Management Center, Hetauda invites *electronic* bids from eligible bidders for the procurement of *following goods* under National Competitive Bidding. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of *Health Logistics Management Center, Hetauda, Phone No: 977- 057520547, email address: info.hlmc@bagamati.gov.np* or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.

| S. N. | Description of Items/ IFB.No: | Package | Quantity | Minimum Bid Security Amount (NRs.) | Cost of Bid documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|---|---|
| 1 | PROCUREMENT OF MEDICINE FOR STDs AND NUTRITIOUS DIET (IFB No. HLMC/G/NCB-16/2080-81) | Package 1 MEDICINE FOR STDs | As specified in BID | 34,000.00 | 3000.00 | 2081/04/20 (2024-08-04) |
| | | Package 2 NUTRITIOUS DIET *(Paustic Aahar)* | As specified in BID | 33,000.00 | | |
| 2 | PROCUREMENT OF ESSENTIAL MEDICINES-2 (IFB No. HLMC/G/NCB-17/2080-81) | | As specified in BID | 2,33,000.00 | 3,000.00 | 2081/04/20 (2024-08-04) |

**Director**



Government of Bagmati Province
Ministry of Health
Health Directorate
# Hetauda Hospital
Hetauda, Makwanpur
Bagmati Pradesh, Nepal

## Invitation for Bids

**Publication: 2080.11.24**

Hetauda Hospital invites electronic bids from eligible bidders for the below mentioned activities in Hetauda Hospital under Sealed Quotations Bidding procedure. Eligible Bidders may obtain further information at the office of Hetauda Hospital or may visit PPMO website: *www.bolpatra.gov.np/egp*

| S.No. | Notice No. | Tender Description | Cost of Tender Document | Bid Security | Last date of Bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|
| 1. | HH/SQ/080/81-002 | The Procurement of Supply & Delivery of X-Ray Films for Lucky Printer (Re-sealed Quotation) | Rs.1,000.00 | Rs. 22,500.00 | 22nd Mar, 2024 12:00 hours | 22nd Mar, 2024 13:00 hours |
| 2. | HH/SQ/080/81-003 | The Procurement of Supply, Delivery, Installation & Commissioning of SNCU/ NICU Equipment for Hetauda Hospital | Rs.1,000.00 | Rs. 50000.00 | | |
| 3. | HH/SQ/080/81-004 | The Procurement of Supply & Delivery of Furniture Items for Hetauda Hospital | Rs.1,000.00 | Rs. 50,000.00 | | |
| 4. | HH/SQ/080/81-005 | The Procurement of Supply & Delivery of Hospital Furniture Items for Hetauda Hospital | Rs.1,000.00 | Rs. 37,500.00 | | |

**Hetauda Hospital**




नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समिति सदस्यमा भरतराज आचार्य मनोनित भएका छन्। महासंघको विधान अनुसार आचार्यलाई अध्यक्ष चन्द्रप्रसाद ढकालले सदस्यमा मनोनित गरेका हुन्। आचार्यलाई अध्यक्ष ढकालले पद तथा गोपनीयताको सपथ गराएका छन्



चालु आर्थिक वर्षको माघ मसान्तसम्म बाजुरामा घर जग्गा कारोबार वृद्धि भएको छ। फागुन २० सम्मको तथ्यांक अनुसार ४२ लाख रुपैयाँ राजस्व संकलन भएको मालपोत कार्यालय बाजुराका प्रमुख लक्ष्मण देव पाण्डेयले बताएका हुन्

# अर्थमन्त्रीमा गैर अर्थशास्त्री हाबी

■ सौर्य समाचार




काठमाडौं। २०४६ को राजनीतिक परिवर्तनपछि अर्थमन्त्री नियुक्ती गर्दा अर्थसास्त्र बुझेका व्यक्तिलाई अर्थमन्त्री बनाउने परम्परा पछिल्लो समय तोडिएर गैर अर्थसास्त्री हाबी हुने गरेका छन् । यो परम्परा नेकपा माओवादीले सुरु गरेपछि अर्थमन्त्रीमा गैर अर्थसास्त्री हाबी हुने गरेको देखिएको हो ।

गैर अर्थसास्त्रीको रूपमा पहिलो पटक वर्षमान पुनलाई माओबादीले अर्थमन्त्रीका रुपमा भित्र्याएको थियो । त्यसपछि गैर अर्थशास्त्रीहरु कृष्णबहादुर महरा, विष्णु पौडेल, जनार्दन शर्मालगायत अर्थमन्त्री भए । जस्को कारण अर्थतन्त्र कमजोर बन्दै गएर आजको अवस्थामा आइपुगेको हो । अहिले फेरि पुननै अर्थमन्त्री भएका छन् ।

अर्थशास्त्री र गैरअर्थशास्त्रीले अर्थमन्त्री हाँक्दा मुलुकको अर्थतन्त्रमा आएको परिवर्तन हिजो र आजको आर्थिक गतिविधिले देखाइसकेको छ। तर अझै पनि मुलुकका उद्योगी-व्यवसायी, अर्थविज्ञ, सर्वसाधारणलगायतले अर्थमन्त्रीका रुपमा अर्थशास्त्रीलाई नै खोज्ने गरेका छन् ।

केही समयअघि युवराज खतिवडाले अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्दा पनि निजी क्षेत्रदेखि सर्वसाधारणसम्मले उनीबाट ठूलो आशा गरेका थिए । खतिवडाले आफ्नो तर्फबाट न्याय दिन सकेनन् । पछिल्लो पटक प्रकाशशरण महत अर्थमन्त्री हुँदा पनि यस्तै आशा दोहोरिएको थियो । खतिवडाजस्तै महत पनि सफल अर्थमन्त्री बनेर बाहिर निस्कन नसकेको आर्थिक गतिविधिले पुष्टि गरेको छ ।

खतिवडाभन्दा महत असजिलो समयमा अर्थमन्त्री बनेका थिए। महत आउँदा समस्याग्रस्त रहेको मुलुकको बाह्य क्षेत्र सम्हालिँदै थियो । रेमिटेन्स आयमा क्रमशः सुधार भएको र त्यही बेला आयात पनि खुम्चिन थालेकाले विदेशी विनिमय सञ्चिति बढ्दो क्रममा थियो । तर, अर्थतन्त्रको आन्तरिक पाटो भने सुस्त हुन सुरु भइसकेको थियो । अर्थमन्त्रीका रुपमा महतले सुरुमै अर्थतन्त्रलाई चलायमान गराउनेतर्फ कदम चाल्नुपर्ने थियो । यसका लागि उनले निजी क्षेत्रलाई विश्वासमा लिएर लगानी बढाउन सक्थे । सरकार आफैंले पुँजीगत खर्च लक्ष्यअनुसार गरेको भए पनि अर्थतन्त्रमा अहिलेको जस्तो सुस्तता आउने थिएन । निजी क्षेत्र उत्पादनमा सक्रिय बनेको भए रोजगारीका अवसर थपिने थियो । सर्वसाधारणसँग पैसा हुने थियो । बजारमा माग घट्ने थिएन । सरकारको राजस्व पनि घट्ने थिएन । तर, यसतर्फ महतले सुधार ल्याउन सकेनन् ।

अर्थमन्त्री महतको ध्यान एकोहोरो रुपमा मौद्रिक नीतिमा मात्र गयो । निजी क्षेत्रले कसिलो मौद्रिक नीतिका कारण लगानीको वातावरण नबनेको आरोप लगाउँदा अर्थमन्त्री महतले पनि त्यसैमा 'हो मा हो' लगाउँदै गए । सुरुमा मौद्रिक नीति केही कसिलो भएको यथार्थ हो । तर, दरिलो पहल गरेको भए राष्ट्र बैंकसँगको सहकार्यमा मौद्रिक नीतिलाई खुकुलो बनाउन महतले सक्थे । अर्थमन्त्रीले चाहे नहुने थिएन । तर, उनी त्यसतर्फ लाग्ने भन्दा आलोचना गर्नमा रमाए । यसलाई महतको कमजोरीको रुपमा लिइएको छ ।

पछिल्ला दिनमा राष्ट्र बैंकले एकपछि अर्को समीक्षामार्फत् मौद्रिक नीतिलाई खुकलो बनाएको छ । तर, सुस्त अर्थतन्त्र चल्न सकेको छैन । निजी क्षेत्रमा जाने कर्जा ५ प्रतिशतले पनि बढ्न सकेको छैन । मौद्रिक नीति खुकुलो बनेपछि पनि समस्या उस्तै रहँदा अहिले अर्थमन्त्री महतले वित्त व्यवस्थापनको खाडललाई दोष दिने गरेका छन् । सरकारको खर्च र भुक्तानी दिनुपर्ने दायित्व धेरै भएको तर त्यसअनुसार आम्दानी नभएकाले समस्या आएको उनको तर्क थियो ।

खासमा अर्थतन्त्र सुस्त भएकै कारण राजस्वमा कमी आएको सत्य हो । तर, राजस्व घट्नुमा सुस्त अर्थतन्त्र मात्र जिम्मेवार छैन, चुहावटको हिस्सा पनि निकै धेरै छ । उसलाई महतले टाल्न सकेनन् । नेपाल र भारतबीचको खुला सीमाबाट अवैध व्यापार हुनु सामान्य विषय जस्तै बनेको छ । यसलाई रोक्न महत एक्लैको पहलले कठिन छ । तर, प्रमुख भन्सार नाकाहरुबाटै भित्रिएका मालवाहक कन्टेनरमा राजस्व चुहावट भइरहेको छ ।

राजस्व अनुसन्धान विभाग वा सशस्त्र प्रहरीको टोलीले दिनहुँजसो भन्सार छलेका कन्टेनरहरु समातिरहेको छ । भन्सार नाकाहरुबाटै भइरहेको चोरीतस्करी कम गर्न पनि महत असफल रहे । आन्तरिक राजस्वमा पनि धेरै अपचलनका घटनाहरु बाहिरिएका छन्। समग्रमा अर्थमन्त्री महतले राजस्व प्रशासनलाई चुस्तदुरुस्त राख्न सकेनन् । महतप्रति सुरुका केही दिन कर्मचारीहरुमा डर र भय देखिन्थ्यो । विस्तारै त्यो हराउँदै गयो । राजस्व प्रशासनभित्र डर र त्रास देखाउन सकेको भए अहिलेभन्दा धेरै राजस्व असुली हुने थियो ।

अर्थमन्त्री महत बजेट कार्यान्वयन र नीतिगत हिसाबमा पनि चुकेका छन् । गत वर्षको बजेट कार्यान्वयन इतिहासमै सबैभन्दा कमजोर रह्यो । बजेटमा राखिएका कुनै पनि लक्ष्य दुई तिहाइभन्दा माथि पुग्न सकेन। राजस्व संकलनका सवालमा त्यो झनै कमजोर रह्यो । चालु आवको सात महिनाको प्रगति तथ्यांक पनि गत वर्षभन्दा खासै भिन्न छैन । राजस्व संकलन लक्ष्यको धेरै टाढा छ । गत वर्षभन्दा ७-८ प्रतिशत राजस्व बढ्दा महतले त्यसलाई उपलब्धि मानिरहेका छन् । पुँजीगत खर्चको सवालमा पनि अवस्था भिन्न छैन । नेपाली काँग्रेसका तर्फबाट अर्थमन्त्री बन्दा विदेशी दातृ निकाय र लगानीकर्ताले पत्याउने हाम्रो परम्परा थियो । महतका पालामा त्यो पनि तोडिएको छ । महतले लक्ष्यअनुसार वैदेशिक सहयोग र लगानी ल्याउन सकेनन् ।

अर्थशास्त्रीका रुपमा अर्थमन्त्रीको जिम्मेवारीमा आएका महतले अर्थतन्त्रलाई अगाडि लैजान नीतिगत 'डिपार्चर' मा पनि कुनै भूमिका खेल्न सकेनन् । गैरअर्थशास्त्री पुन, पौडेल र महराको बजेटभन्दा महतको बजेटमा कुनै नीतिगत 'डिपार्चर' देखिएन । दक्षता भएको व्यक्तिको पहिचान समस्याका बेला हुने गर्छ । तर, महतले समस्यामा रहेको अर्थतन्त्रलाई उकास्ने गरी दक्षता देखाउन सकेनन् ।

गठबन्धन सरकार र प्रधानमन्त्री अर्को दलका भएको नाताले आफूले चाहेजस्तो काम गर्न पक्कै पनि महतलाई केही असहज भएको होला । तर, अर्थशास्त्रीका रुपमा उनले जे जस्तो गर्न सक्थे त्यो गर्न सकेनन् । अर्थ मन्त्रालयभित्र गतिलो टिम बनाउन नसक्नु पनि महत असफल बन्नुको एउटा प्रमुख कारण हो । जस्तोसुकै दक्ष अर्थमन्त्री भए पनि एक्लैले सबै गर्न सक्दैन । राम्रो टिम बनाउन सके काम गर्न सजिलो हुन्छ । तर महतले आफ्नो दल (कांग्रेस) का उपल्लो तहका नेताको दबाबमा अनुभवहीन अर्थसचिव र अन्य उच्चपदस्थ कर्मचारी राख्न विवश भए ।

# विद्युत् महसुल वृद्धि नगर्न माग

■ सौर्य समाचार

काठमाडौं। विद्युत महशुल वृद्धि नगर्न उद्योग संगठन मोरङले माग गरेको छ। विद्युत नियमन आयोगले विद्युत महशुल वृद्धि गर्ने भनेपछि संगठनले त्यस्तो माग गरेको हो ।

उद्योग व्यवसाय क्षेत्रले दैनिक दश घण्टासम्म लोडसेडिङ, ट्रिपिङ, लो भोल्टेजलगायतका समस्या भोग्दै आएको वर्तमान समयमा निरन्तर विद्युत उपलब्ध गराउन र गुणस्तरमा सुधार गर्न संगठनले जोड दिएको छ । विभिन्न कठिनाईको सामना गर्दै हाल सञ्चालनमा रहेका उद्योग व्यवसाय क्षेत्र र सर्वसाधारणले हाल उपभोग गर्दै आएको प्रति यूनिट विद्युत तुलनात्मक रुपमा अन्य मुलुकको भन्दा वढी रहेको अवस्थामा फेरि पनि विद्युत महशुल वृद्धि गर्दा त्यसको प्रत्यक्ष प्रभाव वस्तुको उत्पादन मुल्यमा पर्न गई आम उपभोक्तामा महँगीको मारमा पर्ने संगठनका अध्यक्ष राकेश सुरानाले बताए ।

अध्यक्ष सुरानाले पूर्व सूचना विना उद्योग व्यवसायमा हुने पावर कटौतिले श्रमिक व्यवस्थापनमा कठिनाई भएको बताए । उनले विद्युतको पुरानो संरचनाका कारण सानो झरी, वर्षा, हावामा समेत अत्यधिक पावर कट भई उत्पादन प्रक्रिया रोकिनाले जेनेरेटर सञ्चालन गरेर उत्पादन गर्नुपर्दा लागत वृद्धि हुनुका साथै वस्तुको गुणस्तरमा ह्रास आई स्वदेशी उद्योगहरुको प्रतिष्पर्धात्मक क्षमता नै ह्रास आईरहेको वताए । प्राधिकरणको महशुल भुक्तानीमा विलम्व हुँदा उपभोक्तासँग जरिवाना लिने तर विद्युतको गुणस्तरका कारण उद्योगको मिल मेशिनेरीमा आउने खराबीको जिम्मेवारी कस्ले लिने भन्ने उनले प्रश्न गरे ।

संगठनले हाललाई उद्योगहरुले भोग्दै आएको लोडसेडिङ समस्या, उपलब्ध विद्युतको गुणस्तर, बारम्वार भईरहने लो भोल्टेज र ट्रिपिङको समस्या समाधान गरी गुणस्तर र निरन्तर विद्युतको उपलब्ध गराउन प्राधिकरणसँग माग गरेको छ। त्यसैगरी अन्य सार्क राष्ट्रहरुले निर्धारण गरेको विद्युत महशुललाई समेत मध्यनजर गरी सर्वसाधारणको दैनिकी जीवनसँग सम्वन्ध राख्ने विद्युत महशुल हाललाई यथावत राखी कुनै प्रकारको वृद्धि नगर्न संगठनले माग गरेको हो ।

# कपोरेट

## एनआई सी एशिया क्यापिटलको बम्पर योजना

काठमाडौं । एन आई सी एशिया क्यापिटल आठौं वर्षमा प्रवेश गरेको छ । वार्षिकोत्सवको अवसरमा क्यापिटलले ७ वटा प्रमुख सेवाहरुमा 'सातौं वार्षिक उत्सवः सातै दिन, सातै हप्ता, सातै सेवामा सातै अफर' योजना सार्वजनिक गरेको छ । क्यापिटल सञ्चालनको छोटो अवधिमै सेयरधनीलाई १८७.४८ प्रतिशत लाभांश वितरण गर्न सफल भएको छ। क्यापिटलले निक्षेप सदस्य सेवा अन्तर्गत ७ लाख २६ हजार भन्दा बढी डिम्याट खाता खोल्न सफल भएको जनाएको छ ।

सामूहिक लगानी कोष सेवा अन्तर्गत एउटा खुलामुखी र ५ वटा बन्दमुखी योजनामार्फत ५.६ अर्ब भन्दा बढी रकम परिचालन गरिरहेको छ भने पोर्टफोलियो व्यवस्थापन सेवा अन्तर्गत ६७५ जना ग्राहकबाट दुई अर्ब भन्दा बढीको रकम व्यवस्थापन गर्न सफल भएको बताइएको छ ।

## रावा बैंक र नेपाल भलिबल संघ सम्झौता




काठमाडौं । राष्ट्रिय वाणिज्य (रावा) बैंक लिमिटेड र नेपाल भलिबल संघबीच आठौं महिला तथा पुरुष भलिबल च्याम्पियनशिप-२०८० प्रतियोगितालाई मुख्य प्रायोजन गर्ने सम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा रावा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले हस्ताक्षर गरेका हुन् । २०८० चैत ३ देखि १० सम्म आयोजना हुने राष्ट्रिय लिग प्रतियोगिताका नामको अगाडि आरबीबी - एनभिए नाम राख्नु पर्नेछ । प्रायोजन स्वरुप बैंकले संघलाई १८ लाख रुपैंया प्रदान गर्नेछ । उक्त प्रतियोगितामा पुरुषतर्फ १२ र महिलातर्फ ९ गरी २१ वटा टोलीले प्रतिस्पर्धा गर्नेछन् । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले भलिबलको लोकप्रियतालाई देखेर बैंकले केही वर्ष अगाडि देखिनै सहयोग गरेको बताउँदै आगामी दिनमा पनि मिलेर अगाडि बढ्ने बताए । संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले रावा बैंक जस्तो ठूलो प्रायोजकको आगमनबाट राष्ट्रिय खेलको रूपमा मानिएको भलिबल खेलको थप विकास र विस्तारमा सहयोग पुगेको बताए ।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत विमल डंगोल, विभागीय प्रमुख अच्युत गौतम, नेपाल भलिबल संघका पूर्व अध्यक्ष मनोरञ्जन शर्मालगायत संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । बैंकको हाल सातै प्रदेश, ७७ जिल्लामा २८७ वटा शाखा कार्यालय, ३०५ वटा एटिएम र ९८ वटा शाखा रहित बैंकिङ सेवा रहेको छ ।

## ग्लोबल आइएमईको शाखा रहित बैंकिङ सेवा



काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले थप २ स्थानबाट शाखा रहित बैंकिङ सेवाको शुभारम्भ गरेको छ । बैंकले गण्डकी प्रदेशअन्तर्गत तनहुँको बन्दिपुर गाँउपालिका-६, हुस्लाङ र बन्दिपुर गाँउपालिका-६, साराङघाटमा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ । यी दुई नयाँ शाखा रहित बैंकिङ सेवाको सञ्चालनसगैं बैंकका शाखा रहित बैंकिग सेवाको संख्या २७७ पुगेको छ ।

बैंक मुलुकभरका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी एक हजार एक सयभन्दा बढी सेवा केन्द्र रहेका छन ।

बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरिरहेको पनि विज्ञप्तिमा उल्लेख छ। त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङलगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको पनि जनाएको छ ।

## मञ्जुश्री फाइनान्सलाई कर्पोरेट बिजनेश अवार्ड




काठमाडौं । मञ्जुश्री फाइनान्स कर्पोरेट बिजनेश अवार्ड, २०२४ बाट सम्मानित भएको छ । सो अवार्ड छनोट समितिका संयोजक भवानी राणा, सदस्यमा सुष्मा महरा, तेञ्जिङ शेर्पा, प्रेमलाल महर्जन, आकृति रायमाझी र करुणाकर मल्लिकले उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन, बैंकिङ इन्स्योरेन्स र नवउद्यमीलगायत विभिन्न क्षेत्रबाट छनोट भएका २९ जना व्यक्ति र सस्थालाई अवार्ड प्रदान गरेका थिए ।

उद्योगी व्यवसायीसँग सम्बन्धित विभिन्न संघसंस्थाका प्रतिनिधि, सबै वाणिज्य तथा विकास बैंक, जीवन तथा निर्जीवन बीमा कम्पनीका उच्च पदस्थ अधिकारी र विभिन्न क्षेत्रबाट प्रतिनिधित्व रहनेगरी २०० जना भन्दा बढीको सहभागिता रहेको मञ्जुश्रीलाई कर्पोरेट विजनेश एक्सिलेन्सि अवार्ड अन्तर्गत 'बेष्ट फाइनान्स अफ द इयर' अवार्ड प्रदान गरिएको हो । सो अवार्ड फाईनान्सका प्रमुख कार्यकारी अधिकृत तेजराज तिमिल्सिनालाई हस्तान्तरण गरिएको छ। सस्थामा कार्यरत सबै कर्मचारीहरुको मिहेनत र लगनशीलताको फलस्वरुप संस्थाले सो अवार्ड प्राप्त गरेको पनि विज्ञप्तिमा उल्लेख छ ।

## सूर्य नेपालको टोफीको नयाँ क्याण्डी बजारमा




काठमाडौं । सूर्य नेपाल प्रालिले आफ्नो कन्फेक्सनरी ब्राण्ड टोफीको अन्तर्गत नयाँ क्याण्डी इक्लेयर्स नेपाली बजारमा सार्वजनिक गरेको छ । यो उत्पादन बाहिरी तहमा मिलक चकलेट हुनका साथै भित्री तहमा चकलेट भरी बनाइएको कम्पनीले जनाएको छ ।

सुनौलो रंगको आकर्षक ट्वीस्ट र्‍यापमा प्याक गरिएको टफीको इक्लेयर्स बजारमा उपलब्ध अरु चकलेट स्वादका कन्फेक्सनरी उत्पादन भन्दा स्वादिलो, आकर्षक र प्रिमियम रहेको बताइएको छ । कुनै विशेष अवसर अथवा कुनै पनि समय यो क्यान्डीको स्वाद लिई इक्लेयर्सको बेग्लै आनन्द लिन सकिने कम्पनीद्वारा जारी प्रेश विज्ञप्तिमा उल्लेख गरिएको छ । चकलेटका साथै 'चकलेट मिल्क' तथा 'बटर मिल्क' को स्वाद भएको इक्लेयर्सले चकलेटको स्वादमा सर्वोत्कृष्ट अनुभव पस्कने विश्वास लिएको कम्पनीले जनाएको छ ।

## खेल र खेलाडीलाई एनसेलको साथ




काठमाडौं । एनसेलले खेल र खेलाडीको अभिवृद्धि एवं विकासका लागि क्रिकेट, फुटबल, गल्फका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरूमा नेपालको प्रतिनिधित्व गर्ने राष्ट्रिय खेलाडीहरूलाई सहयोग गर्दै आएको छ ।

'त्रिदेशीय टी-२०आई सिरिज २०२४' बाहेक हालै भएको आईसीसी लिग टु र नेपाल-क्यानडा एकदिवसीय सिरिजमा एनसेल ' कनेक्टेड बाई' साझेदारका रूपमा आबद्ध भएको थियो । 'हाम्रो साथ नेपाली क्रिकेटलाई' भन्ने थिमका साथ एनसेलले यी खेलहरूमा सहयोग पुर्‍याएको एनसेलले जनाएको छ ।

यसैगरी 'हाम्रो साथ नेपाली फुटबललाई' भन्ने थिममा आधारित भई एनसेलले 'वीरगन्ज गोल्डकप' र 'झापा गोल्डकप'लगायतका फुटबल खेलमा आबद्ध भएको थियो । विगतमा पनि एनसेलले एन्फासँगको सहकार्यमा 'ए' डिभिजन, यू-१६, वुमन्स नेसनल च्याम्पियनसिप, वुमन्स नेसनल टिमका साथै क्रिकेटअन्तर्गत क्यानको प्राविधिक सहयोगमा 'एनसेल नेपाल प्रिमियर लिग' गरेको थियो ।

एनसेलले गत भदौमा आफ्नो सेवा सञ्चालनको १८औं वार्षिकोत्सवका अवसरमा व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर) अन्तर्गत एनपीसीसँग सहकार्य घोषणा गरेको थियो । यसअन्तर्गत कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरूमा नेपालको प्रतिनिधित्व गर्ने पारालम्पिक राष्ट्रिय खेलाडीहरूको समग्र तालिम, विकास तथा प्रशिक्षणमा सहयोग गर्दै आएको पनि एनसेलले जनाएको छ । यसैगरी गल्फमा, गल्फ र पर्यटन प्रवर्द्धनसहित आर्थिक र सामाजिक मुद्दामा छलफल तथा अन्तर्क्रिया गराउने उद्देश्यले चैत १ देखि ३ सम्म पोखरामा 'एनसेल बाह्रखरी गल्फ एन्ड बियोन्ड' हुँदै छ । गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिका पनि यो कार्यक्रममा सहआयोजकका रूपमा आबद्ध भएका छन् । यसबाहेक गत मंसिरमा 'एनसेल ओपन गल्फ प्रतियोगिता' पनि आयोजना गरिएको थियो ।

## राकुटेन भाइबरको च्याट फोल्डर्स




काठमाडौं । राकुटेन भाइबरले भ्वाइस बेस्ड कम्यूनिकेशनमा च्याट फोल्डर्स सार्वजनिक गरेको छ । यसले प्रयोगकर्तालाई विशेष कुराकानी छिटो खोज्न र तिनीहरूको कम्यूनिकेशनलाई व्यवस्थि तगर्न बढावा दिन्छ । प्रयोगकर्ताको सुविधालाई ध्यानमा राखेर डिजाइन गरिएको च्याट फोल्डर्सले विषय, ग्रुप वा व्यक्तिहरूमा आधारित भई सहज वर्गीकरण गरी च्याट फोल्डर्सलाई सुव्यवस्थित बनाउँने विज्ञप्तिमा उल्लेख छ ।

यस नयाँ सुविधामा प्रयोगकर्ताहरूले पाँचवटा कस्टम फोल्डर्स सिर्जना गर्न सक्नेछन् । साथै यसले स्वचालित रूपमा अन्य सबै च्याटहरू समावेश गर्ने 'अल' ट्याब पनि उपलब्ध गराएको छ ।

## अनरलाई एमडब्लुसीमा ४५ अवार्ड




काठमाडौं । ग्लोबल टेक्नोलोजी ब्राण्ड अनरले बार्सिलोनाको एमडब्लुसी २०२४ मा आफ्ना नयाँ उत्पादनहरु अनर म्याजिक ६ प्रो र एआई पीसी अनर म्याजिक बुक प्रो १६ को विश्वव्यापी लन्चको घोषणाको साथ आफ्नो नयाँ एआई सशक्त सबै परिदृश्य डेब्यु गर्‍यो ।

आशय-आधारित यूआई र ओएसको सहकार्यमा अनर र एआई सक्षम सुविधाहरू जस्तै म्याजिक पोर्टल र म्याजिक रिङ ल्याएको छ, जुन विश्वव्यापी मिडियाद्वारा व्यापक रूपमा मान्यता प्राप्त छ ।

यस वर्ष एमडब्लुसीमा अनरले ग्लोबल मिडियाबाट ४५ वटा अवार्ड प्राप्त गरेको छ। ग्लोबल मिडियाले कम्पनीका विभिन्न उत्पादन र तिनीहरुका फिचरका आधारमा सो अवार्ड प्रदान गरेको हो ।

सौर्य खेलकुद

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१



च्याम्पियन्स लिग फुटबलको बुधवार भएको खेलमा गोल गरे पछि खुसीयाली मनाउँदै ह्यारी केन



टेनिस स्टार अम्मा राडुकानु खेलको दौरान । कुनै समय सनसनी फैलाएकी उनी अहिले वरीयता क्रमको २ सय ५० औं स्थानमा छिन् । उनी अहिले प्रतियोगिताको दबाब नरहेको बताउँदै छिन्

# पीएसजी र म्युनिख क्वार्टरफाइनलमा



■ पेरिस

एजेन्सी
जर्मन क्लब बायर्न म्युनिख र फ्रेन्च क्लब पीएसजी युरोपियन च्याम्पियन्स लिगको क्वार्टरफाइनलमा पुगेका छन् । बार्यनले मंगलबार राति भएको अन्तिम १६ को दोस्रो लेगमा लाजियोलाई ३-० गोलले हरायो । बार्यनका लागि ह्यारी केनले ३८ र ६६ मिनेटमा गरी दुई गोल गरे । मुलरले पहिलो हाफको इन्जुरी टाइममा बार्यनका लागि एक गोल गरेका थिए ।

पहिलो लेगमा १-० गोलले पराजित भए पनि बार्यन समग्रमा ३-१ ले अघि रहेर अन्तिम आठमा पुग्यो । बार्यन सन् २०१२ पछि पहिलो पटक उपाधि हीन हुने जोखिममा अझै रहेको छ । म्युनिखको क्लब अहिले धेरै समयको अन्तरालमा घरेलु फुटबलमा एकदमै खराब लयमा रहेको छ । यस सफलता पछि क्लबको युरोपेली च्याम्पियन हुने सम्भावना कायम नै रहेको छ । टोटनहामबाट क्लबका आएका केनका लागि यस खेल महत्वपूर्ण साबित रहेको छ ।

केही महिना पछि आयोजना हुने युरो कपको पूर्व सन्ध्यामा केन लयमा आउनु इङ्गलीस टोलीका लागि समेत खुसीको कुरा भएको छ । केनको जर्मन क्लबमा प्रवेश पछिको यो ३३ औं गोल हो । साथै उनको युरोपेली प्रतियोगितामा व्यक्तिगत गोल संख्या ५१ पुगेको छ ।

रोममा भएको पहिलो लेगमा १-०को अग्रता लिएको लाजियो अप्रत्याशित नतिजा सहित अघिल्लो चरणमा प्रवेश गर्ने उत्साहका साथ जर्मन पुगेको थियो । म्युनिखले कुनै गोल गर्नु अगाडी नै लाजियो एक पटक गोलको नजिक पुगे पनि असमर्थ भएको थियो । जर्मन क्लबका लागि सुरुवाती दुवै गोल हेड गोल भएको थियो । केनले अन्तिम गोल गरे पछि पनि मुलरको प्रहारबाट लाजियो संयोगले मात्र बचेको थियो ।

म्युनिखको क्लब युरोपेली फुटबलमा पछिल्लो दशक एक दमै राम्रो लयमा रहेको छ । क्लबले यस सिजन भन्दा अघि घरेलु फुटबलमा त एकछत्र राज गर्दै आएको थियो ।

यता पीएसजीले स्पेनिस क्लब रियल सोसिडडालाई समग्रमा ४-१ गोलले पछि पारेर अन्तिम आठमा स्थान सुरक्षित गऱ्यो । पहिलो लेगमा २-० गोलले विजयी भएको पिएसजीले मंगलबार २-१ गोलको जित निकाल्यो । मंगलबार दुवै गोल केलिएन एमबाप्पेले गरे। उनले खेलको १५ र ५६ मिनेटमा गरी दुई गोल गरेका हुन् ।

पीएसजी अहिले लुइस इन्रीकको प्रशिक्षणमा छ । इन्रीक क्लबमा प्रवेश गरे यता एम्बाप्पेको भूमिका र जिम्मेवारीको बारेमा समेत धेरै हल्ला फैलिएको थियो । सोही हल्लाको बिच एम्बाप्पले क्लब मेनेजरसँग कुनै विरोधाभासपूर्ण सम्बन्ध नरहेको बताएका छन् । साथै उनले इन्रीककसँग सहकार्य गर्दा आफूलाई सहज भएको प्रतिक्रिया दिएका छन् । क्वार्टरफाइनलको ड्र १५ मार्चमा हुने छ ।

# गोर्खाली आइओएफटिसीको संयोजक नियुक्त



■ सौर्य समाचार

काठमाडौं । दक्षिण कोरियाको सोलमा हुने इन्टर नेसनल ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियन्सिप (आईओएफटिसी) को संयोजकमा तेक्वान्दो मास्टर अमुल गोर्खाली नियुक्त भएका छन् । अमेरिकाको पोर्टल्यान्डस्थित आइओएफटिसीले प्रत्येक दुई वर्षमा गर्ने प्रतियोगिताको १४ औं संस्करण हुन लागेको हो । कोरियन मार्सल आर्ट्स तेक्वान्दोको आयोजनामा सोलमा हुने सो प्रतियोगिता सन् २०२४ को अगस्ट महिनामा हुँदैछ । आइओएफटिसीका संस्थापक तथा निर्देशक ग्रान्डमास्टर दिवाकर महर्जनले बुधबार गोर्खाली आईओएफटिसीको बोर्ड सदस्यमा नियुक्त भएको र त्यसपछि उनलाई प्रतियोगिता संयोजकको जिम्मेवारी दिइएको जानकारी दिए । आईओएफटिसीका महासचिव केरेन ब्लाकलेजले गोर्खालीलाई बोर्ड सदस्य र प्रतियोगिता संयोजकको नियुक्ती पत्र प्रदान गरिन् । सो अवसरमा महासचिव ब्लाकलेजले गोर्खाली युवाहरुको संलग्नताले आईओएफटिसी च्याम्पियन्सिप अझ उचाइमा पुग्ने विश्वास व्यक्त गरिन्। महासचिव ब्लाकलेजका अनुसार गोर्खालीकै संयोजकत्वमा सन् २०२२ मा मिसिगनमा भएको १३ औं आईओएफटिसी च्याम्पियन्सिपमा सफलतापूर्वक सम्पन्न भएकोले पनि उनलाई सोलमा हुने आईओएफटिसी च्याम्पियन्सिपका लागि विश्वास गरिएको हो । गोरर्खाली एभरेस्ट तेक्वान्दो मिचिगनका निर्देशक पनि हुन् ।

आईओएफटिसीले पालैपालो एक संस्करण अमेरिका र अर्को संस्करण अमेरिका बाहिर गर्दै आएको छ । जसअनुसार आईओएफटिसीको आफ्नो प्रमुख कार्यालय रहेको पोर्टल्यान्डमा पाँच संस्करण, नेपालमा चार संस्करण, भारत, बेलायत र हङकङ र अमेरिकाकै मिचिगनमा एक-एक संस्करणको आयोजना भइसकेको छ ।

# खुला पुरुष तथा महिला थ्री एक्स थ्री बास्केटबल च्याम्पियनसिप हुने

## प्रतियोगिताको पुरूषतर्फ विजेताले १ लाख र महिलातर्फका विजेताले ५० हजार रुपैयाँ पुरस्कार पाउने छन् ।




■ सौर्य समाचार

काठमाडौं । नेपाल बास्केटबल संघ (नेबा) को आयोजनामा खुला पुरुष तथा महिला थ्री एक्स थ्री बास्केटबल च्याम्पियनसिप हुने भएको छ । प्रतियोगिता २६ देखि २८ फागुनसम्म हुने बुधवार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । नेबाले यसलाई थ्री एक्स थ्री को ठूलो प्रतियोगिताको रुपमा लिएको छ ।

प्रतियोगिता त्रिपुरेश्वरस्थित राखेको सेमिकभर्डहलमा हुनेछ । खुल्ला प्रतियोगिता भएकोले सबैले भाग लिन पाउनेछन् । पुरुषतर्फ ३२ र महिलातर्फ ८ टिम सहभागी हुने नेबाका अध्यक्ष भीम सिंह गुरुङले जानकारी दिए ।

बंगलादेशबाट बंगलादेश नेभी र बंगलादेश युनिभर्सिटीबाट २ टोली आउने पक्का भएको गुरुङले जानकारी दिए । सहभागी नेपाली टिमले दुई जनासम्म विदेशी खेलाडी राख्न पाउने र प्लेइङ सेटमा एक विदेशी खेलाउने पाइने छ । थ्री एक्स थ्री मा एक टिममा ४ जना हुनेछन् र तीन जना खेल्नेछन् । थ्री एक्स थ्री विश्वमै चर्चितको खेलको रुपमा रहेको अध्यक्ष गुरुङले जानकारी दिए ।

नेबाले पनि थ्री एक्स थ्री लाई प्राथमिकतामा राख्ने र यसबाट थ्री एक्स थ्री को राष्ट्रिय टिम तयार गर्ने योजना रहेको नेबाले जनाएको छ । प्रतियोगिताको पुरुषतर्फ विजेताले १ लाख र महिलातर्फका विजेताले ५० हजार रुपैंया पुरस्कार पाउने छन् । पुरुष उपविजेताले ५० हजार र महिला उपविजेताले २५ हजार रुपैंया पाउनेछन् ।

पुरुष र महिला दुवैको मोस्ट भ्यालुएबल प्लेअर (एमभीपी) ले समान १५ हजार रुपैंया पाउनेछन् । युनिक सोलार प्रतियोगिताको मुख्य प्रायोजकको रुपमा छ ।

यस प्रतियोगितामा नेपाली चलचित्रका अभिनेता अनुपविक्रम शाही पनि संलग्न छन् । शाहीले आफू बच्चा देखि बास्केटबलमा रुची राख्ने व्यक्ति भएको भन्दै बास्केटबलको विकासका लागि सहकार्य गरेको बताए । उनले यो आफ्नो मन पर्ने खेल रहेको बताए ।

# योङ स्टार खुला तेक्वान्दो शुक्रबारदेखि

■ सौर्य समाचारदाता




काठमाडौं । कोटेश्वर तेक्वान्दो डोजाङको आयोजना तथा योङ स्टार ग्रुपको सह-आयोजनामा प्रथम योङ स्टार खुला तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ । प्रतियोगितामा करिब ६ सय खेलाडीको सहभागिता रहने बताइएको छ । ग्योरोगीमा पुरुष/महिलामा समान १३-१३ गरी २६ स्पर्धामा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक एलिस ठकुरीले जनाएका छन् । पुम्सेको पुरुष/महिलामा समान २-२ गरी ४ एकल स्पर्धामा खेल हुनेछ । शीर्ष तीन स्थान हात पार्ने टिमले क्रमशः २५ हजार, १५ हजार र १० हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । उत्कृष्ट खेलाडीलाई पनि नगद पुरस्कार दिइने आयोजकले जनाएको छ। दुईदिने प्रतियोगिताका खेलहरु पेप्सीकोलास्थित आयोजकको हलमा हुनेछ ।


## Malikarjun Rural Municipality
### Office Of Rural Municipal Executive
### Shankarpur, Darchula

## INVITATION FOR BIDS

**First Date Of Publication-2080/11/23**

1. Malikarjun Rural Municipality, Shankarpur, Darchula invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding Procedures.

| S. No. | Contact ID. | Name Of The Project | Estimated Amount (Including VAT) (NRs) | Bid Security Amount (NRs) | Price Of Bidding Document (NRs) | Validity period of the bid | Validity Period of Bid Security |
|---|---|---|---|---|---|---|---|
| 1. | MRM/NCB/11-2080/81 | Ward No. 1 Office Building Construction | 1,02,21,817.2/- | 2,55,000/- | 3,000/- | 90 days | 120 days |

2. Eligible bidders may obtain further information from Malikarjun Rural Municipality, Office Of Rural Municipal Executive, Shankarpur, Darchula or visit PPMO website www.bolpatra.gov.np/egp
3. Eligible bidders may download the bidding documents for e-submission from PPMO website bidders should deposit the cost(as specified above) of bidding document in the project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document & Bid Security Amount in Bank:**
   **Name of the Bank- Machhapuchhre Bank ,Malikarjun Branch**
   **Name of the Office- Malikarjun Rural Municipality**
   **Office Account No.- 0890067449600115(For Bid Document Fee)**
   **Office Account No.- 0890067449600039(For Bid Security Amount)**
   **Revenue Code No.- 14219**
4. Bids must be submitted through electronic medium through bolpatra.gov.np/egp on or before 12:00 on date 2080/12/23 of notice published at the Malikarjun Rural Municipality and bids shall be opened in the presence of Bidder's representatives who choose to attend on the same date at 13:00 PM.
5. Pre-Bid meeting shall be held on 20th day of bid published at 11:00 PM in the presence of Bidder's representatives who choose to attend at the Office of Malikarjun Rural Municipality.
6. If the last date of purchasing or submission falls on a government holiday, than the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063, and Public Procurement Regulations, 2064 and other prevailing regulations.
8. All the rights as to whether to accept or reject the bids partially or fully without assigning any reason, whatsoever are reserved to the Office of Malikarjun Rural Municipality, Conditional bids are not allowded.

**CHIEF ADMINISTRATIVE OFFICER**


सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.ब.नं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी